**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्दछन् ।
- सङ्क्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ११ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 24 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३३

# बारा क्षेत्र नं २ मा उपनिर्वाचन शान्तिपूर्ण सम्पन्न

## करीब ६० प्रतिशत मतदान भएको अनुमान

राधेश्याम पटेल, बारा, १० वैशाख/

बारा क्षेत्र नं २ को उपनिर्वाचन आइतवार शान्तिपूर्णरूपमा सम्पन्न भएको छ। बिहान ७ बजेदेखि शुरू भएको मतदान साँझ ५ बजे समापन भएको र अनुमानित ६४ प्रतिशतभन्दा बढी मत खसेको निर्वाचन अधिकृत मुकेश उपाध्यायले बताए ।

उनले मतदानस्थलबाट मतपेटिकाहरू आउने क्रम जारी रहेको र ६४ प्रतिशत मतदान भएको बताए। मतदान सकिएको र मतपेटिका सङ्कलन भएपछि कलैया उपमहानगरपालिकास्थित शैक्षिक तालीम केन्द्र, गङ्गापुरमा मतगणना हुने निर्वाचन अधिकृत उपाध्यायले बताए ।

यो क्षेत्रमा एक लाख पाँच हजार ११ जना मतदाता छन्। आजको मतदानमा ६८ हजार ८८७ जनाले मतदान गरेको उनले जानकारी गराएका छन । यस क्षेत्रमा कोल्हवी नगरपालिकाको ८ नं वडा, महागढीमाई, पचरौता नगरपालिका तथा देवताल, सुवर्ण र करैयामाई गाउँपालिका गरी छवटा पालिका छन् । यो क्षेत्रमा १३७ वटा मतदान केन्द्र र ८२ वटा मतदानस्थल छन् । उपनिर्वाचनमा ३६ जनाले उम्मेदवारी दिएका थिए भने दुईजनाले उम्मेदवारी फिर्ता लिएका थिए । अहिले राजनीतिक दलबाट १२ जना र स्वतन्त्र २२ जना गरी ३४ जना चुनावी मैदानमा छन् तर उपनिर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका शिवचन्द्र कुशवाहा, एमालेका पुरुषोत्तम पौडेल, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल र आम जनता पार्टीका अरुण ज्ञवालीको चर्चा छ । यीबाहेकका उम्मेदवारहरूको मतदाताले नाम पनि लिएको पाइएन ।




तस्वीरः सौजन्य



तस्वीरः प्रतीक



मतदानको क्रममा दिउँसो जसपाका नेता तथा जिल्ला समन्वय समिति, बाराका सदस्य रामसागर यादवलाई प्रहरीले देवताल गापा–७ पिपराजब्दी मतदान केन्द्रबाट पक्राउ गरेको थियो । सोही क्षेत्रका मतदाता रहेका यादवले मतदानपश्चात् नमूना मतपत्रसमेत मतपेटिकामा खसाउन खोज्दा प्रहरीले नियन्त्रणमा लिएको हो ।

यसैगरी, देवताल गापा–७ बाट प्रहरीले पाँचजना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरेको छ । उनीहरू सिराहा, सप्तरीका मैथिलीभाषी भएको बुझिन आएको छ । चुनावमा उपद्रव गर्ने मनसायले उनीहरूको आगमन भएको आशङ्कामा प्रहरीले पक्राउ गरेको हो ।

यसैबीच, निर्वाचन आयोगले जारी गरेको विज्ञप्तिको विरोधमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विज्ञप्ति जारी गरेका छन् । उनले बारा क्षेत्र नं २ मा निष्पक्ष, भयरहित निर्वाचन गराउन मधेस प्रदेश सरकार प्रतिबद्ध रहेको र सोबाहेकका आरोपहरू निराधार भएको बताएका छन् ।

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले सामाजिक सञ्जालमार्फत बारा क्षेत्र नं २ को उपनिर्वाचनमा छ स्थानमा बुथ कब्जा हुन सक्ने र प्रहरी प्रशासनको मिलेमतो रहेको आरोप लगाएका थिए । उनको आरोपपछि निर्वाचन आयोगले निष्पक्ष, भयरहित निर्वाचन सम्पन्न गराउन मधेस प्रदेश सरकारको ध्यानाकर्षण गराएको थियो ।

यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सो क्षेत्रका उम्मेदवार रमेश खरेलले भने निर्वाचन निष्पक्ष भएको बताएका छन् । उपनिर्वाचनको क्रममा आज उनले आफ्नो क्षेत्रमा निर्वाचन निष्पक्षरूपमा भएको बताए । उनले केही मृतक र विदेशिएका मानिसहरूको नाममा मत खसाएको गुनसाो आएको र यसबारे आफूले प्रहरी प्रशासनलाई जानकारी गराएको बताए ।

नेकपा एमालेका उम्मेदवार पुरुषोत्तम पौडेलले पनि उपनिर्वाचनमा केही ठाउँमा प्रहरी प्रशासनको मिलेमतोमा धाँधली भएको आरोप लगाएका छन् । उनले महागढीमाई नपाका केही बुथ, देवताल गापा, पचरौता नपा–२ गम्हरियामा प्रहरी प्रशासनको मिलेमतोमा सत्तारूढ दलका उम्मेदवारलाई जिताउन धाँधली गरिएको आरोप लगाएका छन् ।



सुवर्ण गापामा मतदातासँग छलफल गर्दै मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दी । तस्वीरः नितेश कर्ण

## प्रतीक दैनिक पुनः राष्ट्रिय 'क' वर्गमा

प्रस, वीरगंज, १० वैशाख/

प्रेस काउन्सिल नेपालले आव २०७७/७८ को पत्रपपित्रका वर्गीकरण मूल्याङ्कनमा प्रतीक दैनिक पुनः राष्ट्रिय 'क' वर्गमा वर्गीकृत भएको छ । काउन्सिलको २०७९ चैत ३० गतेको निर्णय अनुसार वीरगंजबाट प्रकाशित प्रतीक दैनिक आव २०७७/७८ को मूल्याङ्कनमा पनि राष्ट्रिय 'क' वर्गमा परेको हो ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२४ | १५६ | प्रतिक दैनिक | पर्सा | दैनिक | राष्ट्रिय | क |
| १२५ | १५७ | प्रतिफल दैनिक | पर्सा | दैनिक | स्थानीय | ख |
| १२६ | १५८ | अंकुश दैनिक | पर्सा | दैनिक | स्थानीय | क |
| १२७ | १५९ | दैनिक ब्रम्हास्त्र | पर्सा | दैनिक | स्थानीय | ख |
| १२८ | १६० | पर्दाफास दैनिक | पर्सा | दैनिक | स्थानीय | क |
| १२९ | १६१ | भोजपुरी टाइम्स दैनिक | पर्सा | दैनिक | स्थानीय | ख |
| १३० | १६३ | सर्व राष्ट्रिय दैनिक | पर्सा | दैनिक | स्थानीय | ख |
| १३१ | १६४ | वीरगञ्ज समाचारपत्र दैनिक | पर्सा | दैनिक | स्थानीय | घ |
| १३२ | १६५ | न्यु सन्देश दैनिक | पर्सा | दैनिक | स्थानीय | घ |
| १३३ | १६६ | राष्ट्रिय सहारा दैनिक | पर्सा | दैनिक | स्थानीय | ख |

विगत डेढ दशकभन्दा बढी समयदेखि प्रतीक दैनिक प्रेस काउन्सिलको वर्गीकरणमा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत हुँदै आएको छ ।

## प्रतिकूल मौसमका कारण रोगको प्रकोप बढ्यो

प्रस, सेढवा, १० वैशाख/

लामो समयदेखि पानी नपरेको तथा बिहान र बेलुका चीसो र दिउँसो अत्यधिक गर्मीका कारण पर्साका ग्रामीण भेगमा विभिन्न रोगका प्रकोप बढेको छ। यस क्षेत्रका जीराभवानी, ठोरी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी लगायतका गाउँपालिकाका नागरिकहरू विभिन्न रोगहरूबाट सङ्क्रमित भएका जनाइएको छ । मौसम परिवर्तनका कारण झाडापखाला, भाइरल ज्वरो, रुघाखोकी, छालाका रोग तथा आँखामा समस्या हुने बिरामीको सङ्ख्या बढेको छ।



पटेर्वासुगौली गाउँपालिका वडा नं २ मा सञ्चालनमा रहेको शिवम लेयर फार्म प्रा.लि. का कारण सो क्षेत्रमा यी रोगका बिरामीहरूको सङ्ख्यामा निकै वृद्धि भएको सो वडाको मकवानी टोलाका स्थानीय बिगा महरा चमारले बताए । सो फार्मको आसपास रहेका आधा दर्जनभन्दा बढी बस्तीका करीब घरैपिच्छे रोगी रहेकाले महामारी फैलिने जोखिम रहेको चमारले गुनासो गरेका छन् ।

सो वडामा रहेको गादी स्वास्थ्य चौकीको तथ्याङ्क अनुसार चौकीमा दैनिक १५–२० जना झाडापखालाका बिरामी उपचार गराउन आउँछन् । यसका साथै भाइरल ज्वरोका बिरामी १२–१५ जना र छाला रोगका बिरामी ५–८ जना उपचारका लागि आउने गरेका स्वास्थ्य चौकीले जनाएको छ। जसमा ७५ प्रतिशत बिरामी बालबालिका रहने गरेको स्वास्थ्य चौकीले जनाएको छ ।

शिवम लेयर्स फार्म प्रालिका कारण सो क्षेत्रमा झिंगा भन्किने तथा सहन नसकिने दुर्गन्धका कारण त्यहाँका नागरिकहरूको स्वास्थ्यमा बढी समस्या देखिएका छन् । पटेर्वासुगौली गाउँपालिकाको वडा नं १ देखि ३ मकवानीटोल, वनकटवा, चाफी, भाथा, थरघटी, धर्मबस्ती, रामपुर, बैजनाथपुर र रङ्गपुरका बासिन्दाहरू वातावरण प्रदूषणाका कारण स्वास्थ्य समस्या

(बाँकी अन्तिम पातामा)

## वडा नं १६ मा ज्येष्ठ नागरिक शाखा सक्रिय

प्रस, वीरगंज, १० वैशाख/

ज्येष्ठ नागरिक सङ्घ, पर्साको शाखाको रूपमा स्थापित ज्येष्ठ नागरिक सङ्घ वीरगंज महानगरपालिका–१६ वडा समितिको प्रथम साधारणसभा शनिवार नगवास्थित राष्ट्रिय माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न भएको छ।




तस्वीरः प्रतीक

नगरप्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सङ्घ, पर्साका निवर्तमान अध्यक्ष एवं मधेस प्रदेश संयोजक जगदीशप्रसाद शर्मा, पर्सा अध्यक्ष श्यामकुमार पोखरेल, उपाध्यक्ष वैद्यनाथप्रसाद कोइरी, सचिव विनयराज गौतम, सदस्यहरू रमेशकुमार दत्त, उदयराज शर्मा, पूर्वसहसचिव नरेन्द्र तिवारीलगायत सहभागी थिए ।

सभाको बन्दसत्रबाट विश्वनाथप्रसाद चौरसियाको अध्यक्षतामा उपाध्यक्ष जगरनाथप्रसाद चौरसिया, सचिव सुरेन्द्र साह कानू र कोषाध्यक्ष काशीप्रसाद चौरसियासहित ११ सदस्यीय नयाँ कार्यसमिति गठन गरिएको छ ।

## विचारसार र सूक्तिहरू

**हामी आफ्नो दु:खले थोरै, तर अरूको खुशीले धेरै पिरोलिन्छौं ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सुध्रिएन चाल

**मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेपछि स्थानीय तह स्थापनाको दोस्रो कार्यकाल चल्दैछ । तीन तहका सरकारको अवधारणा अनुसार अहिलेसम्मको अवधिलाई अभ्यासकै क्रम मान्नुपर्छ । स्थापनाको वर्ष तथा पहिलो चुनावमा निर्वाचित अधिकांश जनप्रतिनिधि दोस्रो चुनावमा पराजित भए । पालिकामा दोहोर्‍याएर चुनाव जित्नेको सङ्ख्या १० प्रतिशत पनि छैन । कुनै दल वा व्यक्ति मन पराउनु/नपराउनुभन्दा पनि पहिलेकालाई परिवर्तन गरेको पाइयो । यसको मतलब जसले जहाँ जितेको भए तापनि त्यहाँ जनचाहनाअनुरूप सरकार चल्न सकेको रहेनछ भन्ने बुझ्न सकिन्छ । एकपटक चुनाव जितेपछि पुन: चुनाव जित्ने आधार तयार हुन्छ भन्ने मान्यता अब पुरानो भइसकेको बितेको स्थानीय तह निर्वाचनले साबित गरिदियो । यद्यपि स्थानीय तहको सरकार मुलुकका लागि पहिलो अभ्यास रहेको हुँदा समयक्रमसँगै सुधार हुँदै जानेछ भन्ने नागरिकलाई लागेको थियो । तर नयाँ जनप्रतिनिधिहरूको पनि सुध्रिएन चाल ।**

**चालू आर्थिक वर्ष सकिन लाग्दा २५ प्रतिशत बजेट कार्यान्वयन गर्न नसकेका पालिकाहरू धेरै छन् । स्थानीय सरकारका सम्पूर्ण संयन्त्र नागरिकको सेवातर्फ नभई बजेटतर्फ मात्रै केन्द्रित छ । बजेटको भागबन्डामा कुरा नमिल्दा कार्यालयमा तालाबन्दी हुन्छ र सेवाग्राही अति आवश्यक सेवाबाट समेत वञ्चित भइरहेका छन् । बजेटबाहेकका काम, कर्तव्य र अधिकारतर्फ कसैको ध्यान गएको छैन । मुलुकको संविधान र स्थानीय तह सञ्चालन ऐनले दिएका धेरै अधिकार प्रयोगमा आएका छैनन् । रकमको चलखेल हुन नसक्ने शीर्षकहरू ओझेलमा छन् । कर्मचारी र जनप्रतिनिधिबीच शक्ति प्रयोगको तनाव छ, पदाधिकारीबीच एकले अर्काको खुट्टा तान्ने र आफू धुरी चढ्ने प्रतिस्पर्धाले माहोल अशान्त छ । पालिका क्षेत्रका शिक्षा, स्वास्थ्य, खानेपानी, न्याय र समाज सुधारका पक्षहरू लथालिङ्ग, भताभुङ्ग अवस्थामा छन् । पारदर्शिता छैन, बजेट बूकसमेत सार्वजनिक नगर्ने र लुकाएर राख्ने पालिकाहरू धेरै छन् । होटल तथा गोप्य कोठाहरूमा उपभोक्ता समिति बनिरहेकै छन् । पदाधिकारीका अगुवा, पछुवा पोस्नका लागि कर्मचारीका पद र बजेट योजनाका शीर्षकहरू तय भइरहेका छन् । बजेट तर्जुमाका विभिन्न आठ चरण कर्मकाण्डीरूपले कागजमा मात्रै सीमित रहन पुगे ।**

**यसको परिणामस्वरूप धेरैवटा पालिकामा चालू आव बजेटको महत्त्वपूर्ण हिस्सा फ्रीज हुने सङ्केत देखिँदैछ । यसो भयो भने आगामी वर्षको विशेष अनुदान र सम्पूरक अनुदानतर्फको बजेट कटौतीमा पर्नेछ । चालू आवको कार्यकाललाई मूल्याङ्कन गर्न दिने हो भने अधिकांश पालिकाका जनप्रतिनिधिको विपक्षमा जनमत आउन सक्छ । यसले विगतकै नियति दोहोर्‍याउनेछ । चाल नसुध्रिनुका कारक तत्त्व पालिका पदाधिकारी तथा जनप्रतिनिधि र कर्मचारीहरू नै हुन् । विगतलाई सुधार गर्दै लानुपर्छ भन्ने मनोबल जनप्रतिनिधिहरूमा पाइएन । "अर्को कार्यकाल के कसो हो, मौका परेको बेला छाली काढ्नैपर्छ" भन्ने सोच जनप्रतिनिधिमा बढ्दो छ । हिजो जिल्ला विकास समितिमा चल्ने कमिशनको खुलेआम बोल कबोल आज स्थानीय तहमा चल्न थाल्यो । जनप्रतिनिधिभन्दा एक पाइला अगाडि कर्मचारी छन् । पालिकाले कारबाई गर्न सक्दैन, विभाग र मन्त्रालयमा पहुँच भएका नेता, कर्मचारीको चाल सुधार्ने कसको हिम्मत छ ?**

# विद्यार्थीको भविष्य अभिभावकको हातमा

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**श्रमको महत्त्व, स्वयं कार्यप्रति तत्परता, समयको सदुपयोग, सहयोग, उदारता आदि यस्ता आचरण हुन् जसलाई तपाईंले आफ्नो सन्तानको हृदयमा प्रवाहित गर्न सक्नुहुन्छ र तपाईंको यस्तो आचरणले उनीहरूलाई जीवनभरि तपाईंप्रति कृतज्ञ बनाउने छ ।**

कक्षा बाहिर उभिएकी सीमाले सबै विद्यार्थीहरूको ध्यान आफूतर्फ आकर्षित गरिन् । गीता मैडम उपेक्षित भावले सोधिरहेकी थिइन्–"आज पनि विद्यालय आउन ढिलो भयो ? अबेरसम्म सुत्नु हुँदैन, अलि चाँडै उठ, हरेक दिन तिमी ढिलो आउँछ्यौ... ।" सीमाले जवाफ फर्काइन्–"मैडम, म त बिहानै उठ्छु तर मेरी आमा ढिलो उठ्नुहुन्छ । यस कारण मलाई सधैं स्कूल आउन ढिलो हुन्छ । "

एक दिन कक्षा दशका विद्यार्थीहरूको झोला जाँच गर्दा मैले एउटा विद्यार्थीको झोलामा खैनीको पुरिया भेटें । सच्चाई बुझ्न स्नेहयुक्त भावले सोधें–"कहिलेदेखि खैनी खान शुरू गर्‍यौ ?" पहिले त उसले खैनी खाने कुरो स्वीकार गरेन र भन्यो कसैले मलाई फँसाउन राखिदिएको हुन सक्छ तर पछि सम्झाइबुझाई सोध्दा–बुवाले सधैं मलाई बजारबाट खैनी किन्न पठाउनुहुन्छ । जिज्ञासावश मैलै पनि खान शुरू गरें र यसरी मलाई पनि खैनी खाने बानी बस्यो ।

धेरै महीनाको शुल्क बाँकी रहेको एउटा विद्यार्थीलाई पटक–पटक ताकेता गर्दा पनि शुल्क भुक्तान नहुँदा राधा मैमले उसलाई बोलाई सोध्दा केटोले–"बुवा अभिभावक सङ्घका सदस्य हुनुहुन्छ, फी तिर्न भन्दा–'बोर्डिङ्गलाई दबाब दिइरहेका छौं, तिम्रो फी त माफ भइहाल्छ" भनेर जवाफ फर्कायो ।

यी उदाहरणहरूले केटाकेटीहरूमाथि अभिभावक र घर परिवारको नचाहिंदो गतिविधिको प्रभाव दर्शाउँछ । यसबाट के प्रस्ट हुन्छ भने केटाकेटीहरूमा देखिने प्रत्येक असामाजिक क्रियाकलापमा अभिभावकहरूको गहिरो प्रभाव परेको हुन्छ । कालान्तरमा यो बानी, कमजोरी र दोष उनीहरूको स्वभावमा पनि देखा पर्छ र व्यक्तित्व विकासमा बाधक बन्छ ।

प्रत्येक अभिभावकको चाहना वा अपेक्षा के हुन्छ भने उसको सन्तान सुसंस्कृत र चरित्रवान बनोस् । यस कारण अभिभावकले यदि बाल मनोविज्ञान बुझेर उनीहरूको व्यक्तित्व विकासमा रुचि लिन्छन् भने निश्चय नै सन्तानमा देखापर्ने धेरैजसो समस्या समाधान गर्न सकिन्छ । एउटा अभिभावकले आफ्नो छोरोको प्रगति सम्बन्धमा शिक्षकसँग सोध्दा उनी धेरै अचम्भित भए जब शिक्षकले बताए, "तपाईंको छोरो गोपी त दुई महीनादेखि विद्यालय आइरहेको छैन ।"

गोपीको सम्बन्धमा शिक्षकको यो शिकायत सुनेर अभिभावकले भने–" सर, म त उसलाई हरेक दिन विद्यालय पठाउँछु, हिजै फी पनि पठाएको छु । ऊ त प्रत्येक दिन समयमैं युनिफर्म लगाएर विद्यालयको लागि निस्कन्छ र छुट्टी भएपछि घर फर्कन्छ.... तपाई के भनिरहनु भएको छ...।" "म जे भनिरहेको छु त्यो एकदम साँचो हो । हिजै मैले तपाईंलाई सूचना पनि पठाएको छु...। अभिभावकसँग कुनै जवाफ थिएन । अव्यक्त क्रोध, उत्तेजना र आत्मग्लानिको भाव उनको अनुहारमा स्पष्ट देखा परिरहेको थियो ।

यो कुनै एक अभिभावकको व्यथा–कथा नभई हाम्रो पारिवारिक र सामाजिक परिवेशमा यस्ता कैयौं गोपी, महेश, रीतेश छन् जो उचित रेखदेख, संरक्षण र अभिभावकको उपेक्षाको कारण कुलत, गलत सङ्गतका शिकार भएका छन् । अभिभावकहरू उनीहरूलाई दण्डित गरी सुधार्न चाहन्छन् तर उनीहरू सुध्रिनको साटो झन् बिग्रँदै जान्छन् किनभने कुटपीटले सुधार ल्याउन सकिंदैन ।

यस कारण प्रत्येक अभिभावकले आआफ्ना सन्तानको आवश्यकता बुझ्ने प्रयास गर्नुपर्छ र आफ्नो गच्छे अनुसार पूरा पनि गर्नुपर्छ । सन्तानको सोच वा कार्य व्यवहारमा कुनै बदलाव देख्नासाथ उसलाई हतोत्साहित गर्नुको साटो संशोधन गर्ने प्रयास गर्नुपर्छ । उनीहरूलाई त्यस कार्यबाट हुन सक्ने सम्भावित दुष्परिणाम सम्बन्धमा अवगत गराउनुपर्छ । तपाईंलाई यो थाहा हुनुपर्छ कि यस्तो कार्य गर्ने प्रेरणा उनीहरूलाई घरबाटै प्राप्त हुन्छ, किनभने घरको वातावरणले उनीहरूलाई यस्ता कार्य गर्न प्रेरित गर्छ । यस कारण अभिभावकले घरको वातावरण दूषित वा तनावपूर्ण हुनबाट जोगाउनुपर्छ । परिवारका सबै सदस्यबीच विश्वास, आत्मीयता, स्नेह, सहयोग र सद्भाव होस् भन्ने कुरा ध्यानमा राख्नुपर्छ । छलकपटले एक अर्कालाई तल देखाउने प्रयास वा एक आपसमा अविश्वास, तनाव जस्ता परिस्थिति सृजना हुनु कसैको हितमा हुँदैन ।

बदलिंदो सामाजिक परिवेशमा अभिभावकहरूले बाहरी वातावरणबाट कसरी बालबालिका प्रभावित भइरहेका छन् भन्ने कुरामा ध्यान दिनु नितान्त आवश्यक छ । उनीहरू नाश्ता खर्चको उपयोग कसरी गरिरहेका छन् ? के किन्ने गरेका छन्, के खाने गरेका छन्, पत्ता लगाउनुपर्छ । यदि तपाईंको सन्तानले त्यसको सही उपयोग गरिरहेको छ र उसलाई थप पैसा चाहियो भने हीनताभावबाट जोगाउन र उनीहरूको असल अभिरुचि विकसित गर्न अझ पैसा दिनुपर्छ । यदि उनीहरू त्यसको उपयोग चाटपकौडी खान, नराम्रो चलचित्र हेर्न, मोबाइल रिचार्ज आदिमा गरिरहेका छन् भने सतर्क गराउनुपर्छ किनकि केटाकेटीमैं यस्ता विसङ्गतिबारे थाहा हुन्छ भने आफूलाई जोगाउन सक्छन् । यसबाट उनीहरूको बानीमा सुधार हुन्छ र उनीहरूको हरेक क्रियाकलापको जानकारी अभिभावक रहन्छ भन्ने बुझ्छन् ।

केटाकेटीहरूको बानी थाहा पाउन विद्यालयका शिक्षकहरूसँग समय–समयमा सरसल्लाह र उनीहरूका साथीहरूसँग कुरा गर्नु हो । यसरी अभिभावकले आफ्नो सन्तानको इच्छा, अपेक्षा, रुचि, प्रगति र समस्याबारे जानकारी राख्न सक्छन् र कुनै अवगुण देखा पर्नासाथ त्यहीं त्यसको समाधान पनि गर्न सक्छन् । यसको अर्थ सन्तानको व्यक्तित्व विकास क्रममा आउने गुण र दोषबारे जान्नु पनि हो । जसरी एउटा किसानले खेतमा फसलबीच उम्रेका अनावश्यक घाँसपात सफा गर्छ, त्यसैगरी अभिभावकले पनि आफ्नो सन्तानको व्यक्तित्व विकासको मार्गमा तेर्सिन आएको अवगुण जानेर त्यसलाई हटाउन स्वयं अगाडि सर्नुपर्छ । पहिले सहायक बनेर त्यसबारे चर्चा गर्नुपर्छ र आवश्यक भए उनीहरूको संरक्षण र सहयोगका लागि आँखा पनि तर्नुपर्छ तर कुट्नुहुँदैन किनभने कुटाइले उनीहरू विद्रोही, जिद्दी हुनुका साथै घरपरिवारबाट टाढा हुँदै जान्छन् ।

नेपाली परिवेशमा बालबालिकाहरू अभिभावकको व्यस्तताले गर्दा उपेक्षित रहन्छन् । गरीबी, महँगी, बढी सन्तान, बेरोजगार, आर्थिक मन्दी, अवसरको अभाव जस्ता समस्याले ग्रसित अभिभावकहरूसँग सन्तानको चाहना बुझ्ने र उनीहरूको कुरा सुन्ने समय नै हुँदैन । खासगरी केटीहरूको मनमा यसको गहिरो प्रभाव पर्दछ । पहिलो त उनीहरू भावुक र संवेदनशील हुन्छन् र दोस्रो उनीहरूलाई यदि अभिभावकको स्नेह प्राप्त हुँदैन भने उनीहरूको मानसिक विकास राम्ररी हुँदैन । यस कारण उनीहरू छिट्टै अरूमाथि विश्वास गर्छन् र अनेक समस्याका शिकार हुन्छन् । अभिभावकहरूलाई समस्याको जानकारी त्यस बेला हुन्छ जब उनका सन्तान पूर्णरूपेण समस्यामा जेलिइसकेका हुन्छन् ।

शहरमा किशोर र किशोरीहरूले एक आपसमा मिल्ने अनेकौं अवसर पाउँछन् र त्यहाँ एक अर्काको भावनासँग खेलवाड गर्नु साधारण कुरो बन्छ । यस कारण यदि अभिभावकहरूले आफ्नो सन्तानको कालो ओंठ, पहेंलो पर्दै गएको आँखा, अबेरसम्म सुत्ने बानी, कसैसँग कुरा नगर्ने विकसित बानी, ठीक समयमा ननुहाउनु, नखानु, नहाँस्नु आदि कुरा देखेमा त्यसको बेवास्ता गर्नुहुन्न किनभने तपाईंको सन्तान ड्रगको शिकार भएको पनि हुन सक्छ । भन्नुको आशय के हो भने सन्तानमा विकसित यस्ता परिवर्तन केलाउनु र समयमैं उपचार गर्नु बुद्धिमानी हो ।

व्यस्तता अभिशाप होइन तर सन्तान माथि ध्यान नै नदिनेगरी व्यस्त हुनु पनि राम्रो होइन । मेरो सुझाव के छ भने आफ्नो सन्तानका लागि व्यस्तताका बावजूद केही समय अवश्य निकाल्नुहोस् । सन्तानको हरेक कुरा ध्यानपूर्वक सुन्नुहोस् र उनीहरूको समस्यालाई उनीहरूद्वारा नै हल गर्न सहयोग गर्नुहोस् । आमाले छोरीहरूको कुरा एउटा सहेलीको रूपमा सुन्नुपर्छ । आफ्नो सन्तानलाई साथीहरूसँग खेल्ने, पढ्ने र घुम्ने अवसर प्रदान गर्नुपर्छ तर ध्यान राख्नुहोस्, तपाईंको छोरा वा छोरीको साथी समान आयु, समान आर्थिक स्थिति र समान सामाजिक स्तरका छन् कि छैनन् ।

आफ्नो सन्तानमा निहित क्षमता, प्रतिभा र योग्यता फक्रने समुचित अवसर प्रदान गर्नु हरेक अभिभावकको कर्तव्य हो । सन्तानको अभिरुचि जुन विषयमा छ त्यही विषयसँग सम्बन्धित प्रशिक्षण, नयाँ–नयाँ जानकारी वा योग्यता हासिल गर्न सहयोग गर्नुहोस् । सन्तानको असफलता वा निष्क्रियताका लागि उनीहरूलाई मूर्ख, निकम्मा, अयोग्य भन्नुहुँदैन बरु सफल र सक्रिय बनाउन सुविधा र साधन जुटाउनु अभिभावकीय दायित्व हो । उनीहरूद्वारा गरिने हरेक क्रियाकलापको जानकारी अभिभावकलाई छ भन्ने कुरा सन्तानलाई बुझाउन उनीहरूसँग केही क्षण व्यतीत गर्नु आवश्यक छ । यसबाट एकातिर उनीहरूको मनोबल वृद्धि हुन्छ भने अर्कोतिर उनीहरू गलत क्रियाकलापमा संलग्न हुनबाट जोगिन्छन् ।

बालबालिकाहरूमा आआफ्नो कमजोरी लुकाउने बानी हुन्छ । यस कारण अभिभावकले के ध्यान राख्नुपर्ने हुन्छ भने उनीहरू आफ्नो कमजोरी नलुकाऊन् किनभने कमजोरी लुकाउनाले एकातिर गल्ती हुने सम्भावना बढेर जान्छ भने अर्कोतिर कमजोरी प्रकट हुने डरले उनीहरू दब्बू, भिरू र एकांकी हुँदै जान्छन् । अभिभावकको दायित्व बालबालिकालाई गल्ती दोहोर्‍याउनबाट बचाउनु पनि हो ।

हालै एउटा विद्यालयले आफ्ना अभिभावकहरूलाई जागरुक बनाउन एउटा प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्न के लगायो सामाजिक सञ्जालमा त्यसविरुद्ध जथाभावी लेख्न थालियो । अभिभावकको सोच जस्तो हुन्छ उसको सन्तानको सोच पनि त्यस्तै हुन जान्छ । त्यहीं अर्कोतिर आधुनिकताको नाउँमा जारी फैशन, सामाजिक दिखावा, फिजुलखर्ची आदि केही यस्ता व्यवहार हुन् जसले बालबालिकालाई छिट्टै प्रभावित गर्दछन् । यस कारण बालबालिकामा विकसित हुन सक्ने गलत संस्कारलाई रचनात्मक दिशा प्रदान गर्नु र त्यसलाई पारिवारिक र सामाजिक अपेक्षा अनुरूप ढाल्नु अभिभावकको कार्य हो ।

यदि तपाई सन्तानलाई आफ्नो चाहना अनुसार बनाउन चाहनुहुन्छ भने उनीहरूको सुखद वर्तमान र भविष्यको लागि सुनिश्चित आधार प्रदान गर्नुहोस् । श्रमको महत्त्व, स्वयं कार्यप्रति तत्परता, समयको सदुपयोग, सहयोग, उदारता आदि यस्ता आचरण हुन् जसलाई तपाईंले आफ्नो सन्तानको हृदयमा प्रवाहित गर्न सक्नुहुन्छ र तपाईंको यस्तो आचरणले उनीहरूलाई जीवनभरि तपाईंप्रति कृतज्ञ बनाउने छ । भन्नुको आशय के हो भने विद्यार्थीको भविष्य पूर्णरूपेण अभिभावकको हातमा निर्भर हुन्छ ।

# मनाइयो अक्षय तृतीया पर्व

काठमाडौं, १० वैशाख/रासस

प्रत्येक वर्ष वैशाख शुक्ल तृतीयाका दिन मनाइने अक्षय तृतीया पर्व आज सातु र शर्बत दान एवं सेवन गरी मनाइएको छ । शास्त्रीय विधान अनुसार आज सबेरै उठी घर लिपपोत गर्नाका साथै स्नान गरेर पूजासामान तयार पारी सङ्कल्प गरिन्छ ।

दियो, कलश र गणेशको पूजा गरी कलशमाथि अष्टदल लेखेको तामाको थाली राखेर अष्टदलमा भगवान् विष्णुको सोह्र सामग्रीद्वारा पूजा गरिन्छ । पुरोहितलाई पनि पुजेर शुद्ध जल, तामा वा माटाका भाँडामा राखी दालचिनी, ल्वाङ, सुकुमेल, अलैंची, मह, चिनी,

(बाँकी पाँचौं पातामा)

# समाचार पूर्ण सत्य छैन

पाठक प्रतिक्रिया

प्रतीक दैनिकको वैशाख ९ गते प्रकाशित **'प्रदेशसभा सदस्य जयसवालविरुद्ध पक्राउ पुर्जी जारी'** शीर्षक समाचारप्रति मेरो ध्यानाकर्षण भएको छ । उक्त समाचार सरासर गलत भएको र मविरुद्ध कुनै पक्राउ पुर्जी जारी नभएको जानकारी गराउन चाहन्छु ।

२०७९ मङ्सिर ४ गते भएको प्रदेशसभा सदस्य निर्वाचनमा म उम्मेदवार हुने भएपछि सखुवाप्रसौनी गाउँपालिकाको बलिया गाउँमा सुनियोजित तरीकाले तोडफोड तथा आगजनीको नाटकीय घटना केही आपराधिक पृष्ठभूमिका कथित नेताहरूले बनाएको र मलाई सो घटनामा मुछिएको थियो । मैले अहिलेसम्म कसैसँग सामान्य विवाद पनि गरेको छैन र सो दिन म घटनामा पनि थिइनँ तर मविरुद्ध झूटा मुद्दा दर्ता गराइयो र मैले कानूनको सम्मान गर्दै अदालतमा उपस्थित भएर सबैभन्दा पहिले बयान दिएको थिएँ ।

मविरुद्ध अदालतबाट कुनै पनि प्रकारको पक्राउ पुर्जी जारी भएको छैन । तसर्थ समाचारको गम्भीरतालाई ध्यानमा राखेर समाचार प्रकाशन गर्नका लागि म प्रतीक दैनिकलाई सुझाव दिन चाहन्छु । यसबाट मेरो मानमर्दन भएको छ ।

**- प्रमोद जयसवाल**
**प्रदेशसभा सदस्य, पर्सा क्षेत्र नं ३ (१)**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पत्रकारितामा परीक्षा प्रणाली लागू गर्नुपर्छ -अध्यक्ष बस्नेत

काठमाडौं, १० वैशाख/रासस



बालकृष्ण बस्नेत, अध्यक्ष प्रेस काउन्सिल नेपाल

मुलुकको पत्रकारिता क्षेत्रलाई मर्यादित तुल्याउन अभिभावकीय भूमिका निर्वाह गर्दै आएको प्रेस काउन्सिल नेपालले ५३ वर्ष पूरा गरेको छ । स्वस्थ पत्रकारिताको विकास एवं सञ्चार माध्यम र पत्रकारलाई राष्ट्र, समाज र नागरिकप्रति जिम्मेवार बनाउने उद्देश्यका साथ स्थापना भएको काउन्सिलले पत्रकारिताको क्षेत्रमा देखिएका बेथिति, विसङ्गति र दुष्प्रचार अन्त्य गरी पत्रकारिता पेशालाई मर्यादित र जिम्मेवार बनाउन आचारसंहिता कार्यान्वयन गर्दै आएको छ । प्रेस काउन्सिल नेपाल नेपाली मिडिया, सञ्चारकर्मी र सरकारबीच सेतुको रूपमा रहँदै आएको छ । स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय पत्रकारिताको पक्षमा क्रियाशील रहेको छ ।

मिडियाको नीति बनाउने सवालमा सल्लाहकारको भूमिकामा रहेर काम गरिरहेको छ । सूचना प्रविधिमा आएको परिवर्तनसँगै मिडिया क्षेत्रमा देखिएका चुनौती सम्बोधन गर्नेगरी नीति, ऐन, नियम, निर्देशिका वा मापदण्डहरू निर्माण प्रक्रियामा पनि काउन्सिल क्रियाशील रहेको छ । प्रेस स्वतन्त्रताको पहरेदारको भूमिका खेलिरहेको र सरकारलाई कानून निर्माण र अन्य नीतिगत काममा सक्रिय सहयोग गर्दै आएको छ । काउन्सिलले हालसालै पत्रपत्रिकाको पछिल्लो वर्गीकरण नतीजासमेत सार्जजनिक गरेको छ । प्रस्तुत छ, सञ्चारमाध्यमलाई अनुशासित र व्यवस्थित बनाउन तथा न्यू मिडिया र सामाजिक सञ्जालले ल्याएका चुनौतीको समाधानलगायत विषयमा काउन्सिलको भूमिकाको सन्दर्भमा अध्यक्ष बालकृष्ण बस्नेतसँग राष्ट्रिय समाचार समिति (रासस) का आलेख प्रमुख कृष्ण अधिकारीले गरेका कुराकानीको सम्पादित अंश :

– यहाँले प्रेस काउन्सिल नेपालको अध्यक्षको जिम्मेवारी पूरा गरेको करीब दुई वर्ष भएको छ । यस अवधिलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

+ मैले काउन्सिलको जिम्मेवारी लिइरहँदा राजनीतिक अस्थिरता र कोभिडको महामारीले समग्र देशको मिडिया क्षेत्र नराम्ररी प्रभावित बनेको अवस्था थियो । झन्डै तीन वर्षदेखि लोककल्याणकारी विज्ञापन रोकिएको अवस्था थियो । त्यसै त सङ्कटमा परिरहेका पत्रपत्रिकालाई राज्यबाट पाउने सुविधा लामो समयदेखि रोकिंदा कति समस्या झेल्नुपरिरहेको थियो होला । म आउने बित्तिकै रोकिएको वर्गीकरण प्रक्रियालाई टुङ्गाउनतिर लागें । र केही महीनाभित्रै देशभरका पत्रपत्रिकाले राहत पाए । वर्गीकरणको मापदण्डसमेत वैज्ञानिक र थप पारदर्शी बनाएका छौं ।

– यसबीच स्थानीय तहको चुनाव, प्रतिनिधिसभा र प्रदेशसभा चुनाव सम्पन्न भए । चुनावको मिडियाको अनुगमनमा काउन्सिलको प्रभावकारी र सन्तुलित भूमिका देखियो भन्ने प्रतिक्रिया पाएका छौं । पत्रकार तथा सञ्चारमाध्यमलाई आचारसंहिताभित्र रहेर समाचार प्रेषित गर्न, सञ्चार सङ्गठनसमेतलाई सचेत र जिम्मेवार बनाउन काउन्सिल क्रियाशील रह्यो । युटच्युबसहित सामाजिक सञ्जालबाट हुने गालीगलौज रोक्न विभिन्न सन्देशमूलक अभियान थालेका छौं ।

अन्यत्रबाट हूबहू सार्ने अनलाइन,, पत्रपत्रिकालाई कारबाई गर्ने, बार्गेनिङ पत्रकारितालाई निरुत्साहित गर्न विभिन्न काम हुँदै आएका छन् । पत्रकारिताको आवरणमा गलत काम गर्ने पत्रकार, प्रेसपास र पहेंलो ज्याकेटको दुरुपयोग गर्नेलाई काउन्सिलले उच्च निगरानीमा राख्दै कालोसूचीमा राख्ने तहसम्मको कारबाई गर्दै आएको छ ।

छापा माध्यमले भोग्नुपरेका अनेक समस्या, युटच्युबसहित सामाजिक सञ्जालका समस्या समाधान गर्न विभिन्न अध्ययन प्रतिवेदन तयार भएका छन् । संविधान अनुसार बन्नुपर्ने कतिपय कानूनको तर्जुमा एवं विद्यमान कानूनमा देखिएका कमजोरी परिमार्जन गर्नका लागि सरकारलाई सुझाव दिने काम भएको छ ।

– काउन्सिलमा तपाई कम उमेरमा अध्यक्षको जिम्मेवारी पाउने युवा अनुहार हुनुहुन्छ । नेपाली मिडियाको राम्रा नराम्रा पक्ष केलाउने, अनुगमन र मूल्याङ्कन गर्ने जस्ता काममा अनुभव कस्तो रहेको छ ?

+ काउन्सिल जस्तो निकायमा आराम गर्न वा पेन्सन पकाउन जाने होइन । पत्रकारिताजगत्को नीति निर्माण तहदेखि पत्रकारका दिनानुदिनका समस्यासँग जुध्नुपर्ने हुन्छ । प्रेस र सरकारबीच पुलको जिम्मेवारी हुँदा दुवै पक्षसँग समन्वय गरी यो क्षेत्रको विकास र विस्तारमा लाग्नुपर्ने हुन्छ । इन्टरनेटको विविधतायुक्त प्लेटफर्म अनुसारका मिडियाले दिनहुँ नयाँ खाले अवसर, सम्भावना र चुनौती ल्याएको छ । प्रेस काउन्सिलले यी सबै पक्षलाई रचनात्मकरूपमा लिई काम गरिरहेको छ । यस्ता काममा मैले अधिकतम समय दिने गरेको छु । अग्रजहरूको सुझाव, अनुभव र युवा पुस्ताको साथ लिएर काउन्सिलले आफ्ना गतिविधि अघि बढाइरहेको छ ।

– अझै पनि पत्रकार आचारसंहिताको उल्लङ्घन गर्ने क्रम नियन्त्रण गर्न सकिएको छैन । यसो हुनेमा के कारण देख्नुहुन्छ ?

+ आचारसंहिता भनेको स्वनियम हो, कडा कानून बनाएर नियन्त्रण गर्ने भन्ने होइन । यसमा सञ्चार माध्यम र तिनमा काम गर्ने पत्रकार स्वयं जिम्मेवार र उत्तरदायी हुनुपर्छ । केही राम्रा र नमूना खाले सञ्चारमाध्यम पनि छन् । आचारसंहिताको चरम उल्लङ्घन गर्ने पनि छन् ।

पत्रकारिताको आवरणमा गलत काम गर्ने प्रवृत्ति झाँगिएको छ । युटच्युबसहित सामाजिक सञ्जाल आफूखुशी सञ्चालन हुँदा त्यसको नराम्रो प्रभाव छ । कुन सञ्चारमाध्यम हो, कुन होइन भन्ने छुट्याउनै गाह्रो हुने स्थिति छ । कसलाई पत्रकार भन्ने गाह्रो हुने अवस्था आइसक्यो । काउन्सिलले यी कुरामा केन्द्रित भई सामाजिक सञ्जालसमेतको कन्टेन्ट अनुगमन र प्रवृत्तिगत अध्ययन गर्दै आएको छ ।

युटच्युबर पत्रकार हुन् कि होइनन् भन्ने बहस पनि छ । कहीं कतै दर्ता हुनु नपर्ने, समाचार के हो, पत्रकारिताको आधारभूत मूल्य मान्यता, सिद्धान्त के हो नबुझी 'कन्टेन्ट' दिने युटच्युब पनि छन् । त्यस्ता युटच्युबर पनि आफूलाई पत्रकार दाबी गर्छन् । प्रेस कार्ड भिर्छन् । पहेंलो ज्याकेट लगाउँछन् । हामीले यस्ता खाले जबरजस्ती रोक्न, सञ्चारमाध्यमको परिचय दिनुपर्ने भए विधिवत् प्रक्रियामा आउन सहजीकरण गर्दै आएका छौं । सञ्चारमाध्यमको कानूनी दायराभित्र नसमेटिने तर जथाभावी विषयवस्तु पस्केर अराजकता फैलाउनेविरुद्ध विशेष निगरानी र कारबाईसमेत गरिरहेका छौं ।

त्यस्ता विवादास्पद सञ्जाल, कतिपय अनलाइन सञ्चारमाध्यमले पनि आचारसंहिताको उल्लङ्घन गर्दै तथ्यहीन समाचार दिने गरेका छन् । विभिन्न खालको हिंसा भड्काउने र सामाजिक, पारिवारिक सम्बन्धमा खलल पुऱ्याउने खालका सामग्रीले समग्र पत्रकारिता पेशाप्रति हिलो छ्याप्ने काम भएको छ । प्रेस काउन्सिलले उनीहरूलाई पत्र काट्ने, क्षमायाचना वा सचेत गराउने गरेको छ । सञ्चारमाध्यम र पत्रकारले आचारसंहिता उल्लङ्घन गरेमा प्रेसपास निलम्बनको सिफारिशदेखि अनलाइन बन्द गर्ने, लोककल्याणकारी विज्ञापन रोक्ने तथा कालोसूचीमा राख्नेसम्मको अभ्यास भएको छ । मिडिया साक्षरता पर्याप्त नहुँदा यस्ता समस्या देखिएका हुन् । सरकारले यस्ता काममा स्रोत साधन बढाउनुपर्ने आवश्यकता देखेको छु ।

– पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रमको प्रभावकारिता कत्तिको देख्नुभएको छ ?

+ अनलाइन सञ्चारमाध्यमलाई जिम्मेवार र मर्यादित बनाउन हामीले पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम शुरू गरेका हौं । पत्रकारितालाई मर्यादित बनाउन अनुगमन र कारबाईभन्दा पनि आचारसंहिता शिक्षा व्यापक बनाउन आवश्यक छ । पत्रकारिताको देश र समाजप्रति विशेष सामाजिक दायित्व रहेको हुन्छ । अनलाइन मिडियालाई दर्ता गर्नु अघि त्यसका सम्पादक, प्रकाशकले आचारसंहिताको अनिवार्य कक्षा लिनुपर्ने शुरूआत भएको छ । र यो प्रभावकारीसमेत भएको छ । पत्रकार आचारसंहिता जागरण अभियानलाई देशव्यापी बनाइएको छ ।

मिडियाबाट भएका गलती, कमजोरी सच्याउन र दोहोरिन नदिन विशेष निगरानी र अनुगमनमा जोड दिंदै आइएको छ र युटच्युब केन्द्रित विशेष जागरण कक्षासमेत शुरू गर्दैछौं । पत्रकारितालाई मर्यादित गराउन यस्ता कार्यक्रमले सचेतना बढ्ने विश्वास गरिएको छ ।

– नेपाली मिडियालाई जिम्मेवार र व्यवस्थित बनाउन प्रेस काउन्सिलले के कस्ता काम गरिरहेको छ ?

+ पहिलो कुरा कानूनीरूपमा बलियो हुनु जरुरी छ । त्यसका लागि भइरहेको कानूनमा आवश्यक संशोधन गर्ने गृहकार्य भइरहेको छ । मिडियाको हित प्रवर्द्धनका लागि आवश्यक कानूनको तयारीका लागि सरकारलाई सुझावसमेत दिंदै आएका छौं । पत्रकारको योग्यता के हुने भन्ने विषयमा व्यापक छलफल गरी निष्कर्ष निकाल्नुपर्नेछ ।

पर्याप्त अध्ययन नभएका, विषयवस्तुबारे अध्ययन र अनुभव नभएका जनशक्तिले मिडिया सञ्चालन गर्दा यो क्षेत्र बदनाम पनि हुँदै गएको छ । अबदेखि मिडिया क्षेत्रमा प्रवेश गर्न परीक्षा प्रणाली लागू गर्न आवश्यक छ । चिकित्सक, कानून व्यवसायी, इन्जिनीयरिङमा जस्तै अब पत्रकारितामा पनि तोकिएको परीक्षा पास गरी लाइसेन्स दिनुपर्छ भन्ने आवाज उठ्न थालेको छ । पत्रकार, सम्पादक हुन विद्यमान कानून पुनरावलोकन हुनुपर्छ ।

हामी त्यसको अध्ययनमा समेत छौं । जुन पृष्ठभूमि र अध्ययनबाट आए पनि सम्पादक बन्न सक्ने, पत्रकारको कार्ड प्राप्त गर्न सक्ने 'लूपहोल' अब बन्द गर्नुपर्छ । अब मापदण्ड बनाइ पत्रकार हुन परीक्षा पास गर्नुपर्ने व्यवस्थामा जानुपर्छ । प्रेस काउन्सिल त्यसको व्यवस्थापन गर्न सक्षम छ ।

त्यस्तै, वरिष्ठ पत्रकारको उपाधिको आधार र मापदण्ड तय गर्ने, वास्तविक पत्रकार को हुन् भन्ने पहिचान गर्न विज्ञहरू संलग्न बेग्लै कार्यदल बनिसकेको छ । सामाजिक सञ्जालमा भएका बेथिति नियन्त्रण गर्न र व्यवस्थापन गर्नका लागि समिति बनाई सरकारलाई सुझावसमेत दिइसकेका छौं ।

आचारसंहितासम्बन्धी पुस्तिका विभिन्न मातृभाषामा प्रकाशित गरेका छौं । पत्रकार महिलालाई पेशामा टिकाइरहन र नयाँ पुस्तालाई आकर्षित गर्न अभिमुखीकरण तालीममा जोड दिएका छौं । प्रदेशस्तरका मिडियाविरोधी कानून सच्याउन, आमसञ्चारसम्बन्धी सङ्घीय सरकारले ल्याउने विधेयकलाई मिडियामैत्री बनाउन काउन्सिलले विभिन्न रचनात्मक सुझाव दिएको छ । छापाखाना र प्रेसको इतिहासका लागि प्रेस सङ्ग्रहालय बनाउनेदेखि अनुसन्धानमूलक पुस्तकको तयारी, मिडियाको अङ्ग्रेजी भाषामा वर्ष पुस्तक प्रकाशित गर्ने शुरूआत भएको छ ।

त्यसैगरी, मिडियामा आएका विषयमा चित्त नबुझी काउन्सिल आउने पक्षको सुनुवाइका लागि बेग्लै इजलास कक्षको तयारी भइरहेको छ । विश्व प्रेस काउन्सिलको केन्यामा भएको सम्मेलनमा अनलाइन र पत्रकारले चलाउने सामाजिक सञ्जाललाई मर्यादित बनाउन साझा आचारसंहिता बनाउन नेपालको तर्फबाट प्रस्ताव राखिएको छ । त्यसबारे अरू देशमा समेत बहस भइरहेको छ । पत्रकारितामा संलग्न महिला पत्रकारलाई टिकाइराख्न उच्चस्तरको र नयाँलाई आकर्षित गराउन आधारभूत तालीम दिन शुरू गरेका छौं ।

प्रदेश र जिल्लाका सरकारी विज्ञापन सोही क्षेत्रका सञ्चारमाध्यमलाई दिलाउन कानूनी परिमार्जन गर्न पहल गरिरहेका छौं ।

– न्यू मिडियालाई व्यवस्थित गर्नेतर्फ काउन्सिलका प्रयासलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ?

+ सूचना र सञ्चार प्रविधिमा आएको द्रुत विकासको परिणामस्वरूप जन्मिएको न्यू मिडियालाई अवसरको रूपमा लिनुपर्छ । यसको सदुपयोग गरी रचनात्मक हिसाबले विषयवस्तु दिन सक्यौं भने यसले आम जनतालाई नै लाभ पुग्दछ भने देशको समृद्धिमा सहयोग पुग्छ । न्यू मिडिया र सोसल मिडियालाई रचनात्मक बनाउन, मर्यादित र व्यवस्थित तुल्याउन जरुरी भइसकेको छ । न्यु मिडियाले ल्याएका विश्वव्यापी चुनौती सम्बोधन गर्नुपर्नेछ ।

युटच्युब फेसबूक, टिकटकजस्ता सामाजिक सञ्जालको दुरुपयोग गरी सामग्री दिंदा जनमानसमा अनेक भ्रम फैलिने गरेको छ ।

युटच्युब प्रयोगकर्तामध्ये कतिपयले पत्रकारिताको मर्म र आधारभूत सिद्धान्त र दायित्व पनि ख्याल नगरी एकपक्षीय सामग्री प्रस्तुत गरेको पाइन्छ । सामाजिक सञ्जालका अधिकांश प्रयोगकर्ताले सामाजिक उत्तरदायित्वको मर्मलाई समेत ख्याल गरेको पाइँदैन । त्यसैले सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तासमेत सजग भएर जिम्मेवारपूर्ण ढङ्गबाट सामग्री दिनुपर्ने आवश्यकता छ । राज्यले न्यू मिडिया सञ्चालन गर्नेबारे स्पष्ट नीति लिनुपर्ने देखिन्छ । काउन्सिलले न्यू मिडियाका विभिन्न प्लेटफर्महरूलाई सूचीकृत हुन आग्रह गरेको छ । नयाँ मिडियाको बहिष्कारभन्दा परिष्कार आवश्यक छ ।

– पत्रपत्रिकाको वर्गीकरणको विषयलाई लिएर कहिलेकाहीं गुनासा आउने गरेका छन् । वर्गीकरणको प्रक्रियालाई कसरी पारदर्शी र व्यवस्थित गर्न सकिएला ?

+ पत्रपत्रिकाको वर्गीकरण प्रक्रिया बढी वैज्ञानिक र पारदर्शी बनाउन मापदण्ड फराकिलो बनाएका छौं । अबको पत्रकारितामा वितरणलाई मात्र आधार नमानी त्यसमा सम्प्रेषित विषयवस्तुको गुणस्तरीयता र डिजिटल मार्केटिङ कस्तो छ भन्ने कुरालाई पनि हेर्ने गरिएको छ ।

आज विश्वव्यापीरूपमैं पत्रपत्रिकाको बिक्री वितरण घट्दो अवस्थामा छ । पत्रपत्रिकाले बिक्री वितरणबारे दाबी गरेजस्तो छ छैन भने स्थलगत अनुगमन गर्ने, सर्वसाधारणको प्रतिक्रिया बुझ्नेदेखि अन्य सञ्चारमाध्यमको समाचार वा अन्य सामग्री हूबहू साभार गरेको छ छैन भन्ने हेर्ने गरेका छौं । अहिले पनि राससका समाचार, फोटो, लेख, आलेखहरू पनि स्रोत उल्लेख नगरी हूबहू आफ्नो मिडियामा प्रकाशित भएका छन् । त्यस्ता मिडियालाई कारबाईको दायरामा ल्याइरहेका छौं ।

त्यस्तै साना लगानीका मिडिया र स्वरोजगारमूलक मिडियालाई पनि फरक ढङ्गबाट हेर्नुपर्ने हुन्छ । शहरबाट प्रकाशित पत्रपत्रिका र विकट जिल्लाबाट प्रकाशित पत्रपत्रिकाको आकार, कलर र विषयवस्तुलाई एकै आँखाबाट हेर्नुहुँदैन । कर्णाली, सुदूरपश्चिमलगायत देशका दुर्गम जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिकाले अनेक समस्यासँग जुध्नुपर्ने हुन्छ । वर्गीकरण गर्दा यस पक्षलाई मसिनोगरी केलाउन थालेका छौं । हालै आव २०७७/७८ को ६६८ पत्रपत्रिकाको वर्गीकरणको नतीजा सार्वजनिक गरिएको छ भने एक महीनाभित्र आव २०७८/७९ को नतीजा पनि सार्वजनिक गर्नेछौं ।

– रेडियो, टेलिभिजन र अनलाइन मिडियाको पनि वर्गीकरण विषयमा के हुँदैछ, तिनको अनुगमन कसरी भइरहेको छ ?

+ पछिल्ला केही वर्षयता अनलाइन मिडियामा बाढी नै आएको छ । दर्ता भएका अनलाइनको सङ्ख्या चार हजार पुग्न लागिसकेको छ । काउन्सिलमा रेडियो, टिभी, पत्रपत्रिका र अनलाइन सञ्चारमाध्यमको बेग्लाबेग्लै अभिलेखीकरण छ । तिनको सिस्टम अझै बलियो र प्रभावकारी बनाउनुपर्ने खाँचो छ । तिनको निगरानी गर्न बेग्लै डेक्स छन् । त्यहींबाट नियमित अनुगमन र कारबाई भइरहेकै हुन्छ । जहाँसम्म वर्गीकरणको कुरा छ, हामीले अब पत्रपत्रिका मात्रै होइन, अनलाइनलाई समेत व्यवस्थित बनाई वर्गीकरण गर्ने आन्तरिक काममा जुटेका छौं । त्यसका लागि मापदण्ड बन्दैछ । अनलाइनलाई पनि लोककल्याणकारी विज्ञापनस्वरूप सहुलियत दिन सरकारलाई लेखी पठाइसकेका छौं ।

# बढ्न थाल्यो सिमेन्ट निर्यात

काठमाडौं, १० वैशाख/रासस




चालू आर्थिक वर्षको नौ महीनामा नेपालले रु ४२ करोड बढीको नेपाली सिमेन्ट निर्यात गरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालू आवको चैतसम्मको तथ्याङ्क अनुसार नेपालले यस अवधिमा रु ४२ करोड ३२ लाख ८९ हजार बराबरको सिमेन्ट र क्लिंकर निर्यात गरेको हो ।

समीक्षा अवधिमा रु २३ करोड ७२ लाख ७३ हजार बराबरको क्लिंकर र रु १८ करोड ५९ लाख १६ हजार बराबरको सिमेन्ट निर्यात भएको हो । सो अवधिमा दुई लाख ७२ हजार तीन सय २८ टन क्लिंकर र एक लाख ९२ हजार एक टन सिमेन्ट निर्यात भएको छ ।

सरकारले चालू आवको बजेटमा निर्यातमा छुटको घोषणा गरेसँगै दुई सिमेन्ट उद्योगले भारतमा सिमेन्ट निर्यात गर्दै आएका छन् । गत असार २४ गतेदेखि पाल्पा सिमेन्टको तानसेन र असोज ३१ गतेदेखि अर्घाखाँची सिमेन्ट भारत निर्यात शुरू भएको हो ।

**नियमित निर्यात**

पाल्पा र अर्घाखाँची सिमेन्टरले भारतका विभिन्न शहरमा नेपाली सिमेन्ट निर्यात भैरहेको बताएका छन् । अर्घाखाँची सिमेन्ट उद्योगका सञ्चालक राजेश अग्रवालले ठूला चाडपर्वमा निर्यातमा केही सुस्तता आएपनि हाल नियमित निर्यात भइरहेको बताए ।

"ठूला चाडपर्वका कारण केही सुस्तता भएको थियो, नयाँ सामग्री, नयाँ ब्रान्ड, नयाँ बजार भएपछि हामीसँगै ग्राहकले बुझ्न समेत केही समय लाग्छ, नयाँ स्थानमा पिकअप लिन केही समय लाग्यो"–उनले भने ।

अर्घाखाँची ब्रान्डको सिमेन्ट पनि हाल भारतको युपी शहरमा निर्यात भइरहेको छ । पाल्पा सिमेन्टले गत असार २४ गते श्री स्टीलले साउन ४ गते तथा अर्घाखाँची सिमन्टले गत असोज ३१ गतेदेखि नेपाली उत्पादन भारत निर्यात शुरू गरेका हुन् ।

सरकारले सिमेन्ट, स्टीललगायत सामान निर्यातमा ८ प्रतिशत अनुदान र वार्षिक रु दश करोड बढीको विद्युत् खपत गर्ने उद्योगलाई २ देखि १५ प्रतिशतसम्म महसुलमा छुट दिने घोषणा गरेको थियो । चालू आर्थिक वर्षको बजेटमार्फत सो व्यवस्था भएको हो । त्यसका लागि कार्यविधि पनि बनिसकेको छ । सिमेन्ट उत्पादक सङ्घले सरकारले सिमेन्ट निर्यातमा छुटको घोषणा गरेपछि भारतको विभिन्न शहरमा निर्यात शुरू भएको हो । भारत सरकारबाट सिमेन्ट निर्यातमा गुणस्तर प्रमाणपत्रको पर्खाइमा धेरै सिमेन्ट उद्योग रहेका सङ्घले जनाएको छ । नेपाली सिमेन्ट उद्योगले भारत निर्यातका लागि भारत सरकारबाट गुणस्तर प्रमाणित प्रमाणपत्र लिनुपर्नेछ ।

सिमेन्ट उत्पादक सङ्घको तथ्याङ्क अनुसार नेपालमा ६० भन्दा धेरै सिमेन्ट उद्योग सञ्चालनमा छन् । तीमध्ये करीब १५ वटाले सिमेन्ट र क्लिंकर दुवै उत्पादन गर्दै आएका छन् । यी सिमेन्ट उद्योगको वार्षिक उत्पादन क्षमता झन्डै २ करोड २० लाख टन जति रहेको अनुमान छ ।

निर्यात र विद्युत् महसुलमा छुट पाउने भएपछि उद्योगीहरू उत्साहित भएका छन् । सरकारको उक्त छुटसँगै पाल्पा र अर्घाखाँची सिमेन्टपछि जगदम्बा, सर्वोत्तम र सौर्यलगायत सिमेन्ट उद्योग पनि निर्यातको तयारीमा छन् ।

# भारतमा निर्वाचन

मन्तव्य



कुमार रुपाखेती

**कश्मीर मुद्दा, नागरिकता मुद्दा, उत्तरप्रदेशको डोजर काण्ड, अमित शाहको इतिहास, बढ्दो महँगी र बेरोजगारी, भारतीय धनाढ्यहरूको विदेश पलायन र अग्निवीर जस्ता हावादारी काण्डले गर्दा यसपटक काङ्ग्रेसले भाजपालाई धोबी-पाट दिन सक्छ ।**

लता मङ्गेशकरले गाएको त्यो गीत 'आकाशभरि तिरमिरे तारा म गन्न सक्दिनँ' झैं नेपालमा लोकप्रिय छ। एउटा जमाना थियो जब देवानन्द नेपालमा सुटिङ गर्न रुचाउँथे । त्यस्तो त देवानन्दलाई राजा महेन्द्रको दोस्त ठानिन्थ्यो । त्यतिखेर भारतीय कलाकारहरू नेपाल भनेपछि हुरुक्क हुन्थे। धूलो, धूवाँ र प्रदूषणले गर्दा आकाशमा अचेल एक्कादुक्काबाहेक तारा देखिंदैन र भारतीय नोकरशाह र नेताहरूको ताँती लागेको देखिन्छ। कलाकारहरू एकताका प्रतीक हुन् भने नेताहरू हस्तक्षेपकारी ठानिन्छन्। सन् १९४७ मा भारत आजाद भएर सम्हालिन नपाउँदै सन् १९६२ मा चीनसँग भिड्नुपर्‍यो । चिनियाँ आक्रमणबाट अत्तालिएको भारतलाई एकसूत्रमा बाँध्न त्यही लताले- 'ए मेरे वतन के लोगों जरा आँख में भर लो पानी, जो शहीद हुए हैं उनकी जरा याद करो कुर्बानी' गीत गाएर भारतीयहरूमा जोश-जाँगर भरेकी थिइन् । त्यतिखेर भारतीयहरू नेहरू र पटेलबाट निराश भइसकेका थिए ।

भारतमा सन् २०२४ मा सङ्घको चुनाव हुँदैछ । भारतीय जनता पार्टीले युद्धस्तरमा यस चुनावको तयारी गरिरहेको छ । साँच्चै भन्ने हो भने भाजपाको राजनैतिक ग्राफ ओरालो लाग्दैछ र मोदी र भाजपालाई अचेल त्यहाँ 'खोदा पहाड निकला चूहा' भन्न थालेका छन्। नाम बडे और दर्शन छोटे स्तरमा रहेका भाजपाका लागि अहिले भारतीय काङ्ग्रेस र राहुल गाँधी ठूलै समस्या भएका छन् । त्यसैले त झिनामसिना मुद्दा उठाएर राहुल गाँधीलाई हायलकायल पार्ने दुष्प्रयास धडल्लेले भइरहेको छ। राहुल गाँधीलाई बछडा र सोनिया गाँधीलाई जर्सी गाई भन्दै बछडा र गाईलाई बदनाम गर्ने मोदी एन्ड कम्पनी कसरी हिन्दूवादी हुन सक्छन् भन्ने प्रश्न पनि उठ्न थालेको छ। त्यस्तै राहुल गाँधीलाई पप्पु भनेर होच्याउने मोदीलाई अचेल पप्पुका आमाहरूले समेत गाली गर्न थालेका छन् । स्मरण रहोस् धेरै भारतीयहरूले लाडप्यारले आफ्नो बच्चालाई पप्पु भनेर बोलाउँछन् ।

कन्हैया कुमार भन्ने काङ्ग्रेसका एकजना साधारण कार्यकर्ता छन्, जसले मोदी, अमित शाह र भाजपाको धज्जी उडाउँदै भाषणमा तहलका नै मचाएका छन् । उनी जेएनयुका पूर्व अध्यक्षसमेत हुन्, जहाँ हाम्रा कपूत सपूत बाबूराम भट्टराईले समेत शिक्षा आर्जन गरेका थिए । नेपालमा बाबुराम मृत भस्म भइसके भने भारतमा कन्हैया कुमार झिल्को भैकन बल्दैछन्। अहिले भारतमा काङ्ग्रेसका कन्हैया कुमारको जलवा गजबको छ, जसले भाजपामा हडकम्प नै मचाइदिएको छ। तेस्रोपटक निर्विरोध प्रधानमन्त्री बन्ने मोदीको सपनामा यसपटक जोडदार अङ्कुश लाग्ने छाँटकाँट देखिन्छ ।

आन्तरिक राजनीतिमा काङ्ग्रेसले पटकनी दिने सङ्केत देखेपछि भाजपा अचेल पाकिस्तान र चीनलाई जथाभावी आरोप लगाउन र बदनाम गर्न परहेज गर्न थालेको छ । मौका-कुमौका छोटे भाइ नेपाललाई समेत उसले तथानाम भन्ने गरेकोमा अहिले निर्वाचनको मौसम भएकोले गौतम बुद्ध र पशुपतिनाथ याद आउन थालेका छन् ।

भारतमा सानो होस् अथवा ठूलो, सबै निर्वाचनमा मान्छे मर्ने, मार्ने, रुपियाँ वारा-न्यारा हुने र दल अदलबदल आम कुरो हो र अहिले त्यहाँ त्यस्तै दृश्यहरू देखिन थालेका छन्। भाजपाको दबाबले आजित भएका बिहारका मुख्यमन्त्री नीतीश कुमार समेतले भाजपाको दामन त्यागेर लालू यादवसँग हात मिलाएको देखिन्छ । त्यसो त बारा २ नं. को निर्वाचनमा समेत पद र शक्तिको दुरुपयोग, दारू, मासुमा भीड, रकमको चलखेल र किनबेच भारतीय पारामा हुँदैछ । सिके राउतले उपेन्द्रलाई हम्मे पारेका छन् भने घण्टी छापका रमेश खरेलसमेत अहिलेसम्म ताल ठोकेर मैदानमैं छन् । विगतमा पटक-पटक टिकटविहीन बनाइएका एमालेका पुरुषोत्तम पौडेलमा हुनुपर्ने जति जोश र जाँगर देखिंदैन ।

हामी भारतीय निर्वाचनको कुरा गरिरहेका थियौं । विशाल भारतमा राजनैतिक दलहरूको आफ्नै पत्रिका, टिभी च्यानल हुन्छ, पत्रकारहरूको खरीद-बिक्री भइरहन्छ, चैनले किनिन्छ। नेपालमा झैं सत्ताधारीको सेवकको रूपमा पुलि प्रशासन चल्न बाध्य हुन्छ । दारू-मासु र लेनदेन मामुली कुरो हो र यस्तो कार्यमा भाजपा निपूण मानिन्छ । तर यसपटक मामिला गरम छ र काङ्ग्रेस गरम लोहामा हथौडा चलाएर भाजपामाथि लगाम लगाउन सक्रिय छ। कश्मीर मुद्दा, नागरिकता मुद्दा, उत्तरप्रदेशको डोजर काण्ड, अमित शाहको इतिहास, बढ्दो महँगी र बेरोजगारी, भारतीय धनाढ्यहरूको विदेश पलायन र अग्निवीर जस्ता हावादारी काण्डले गर्दा यसपटक काङ्ग्रेसले भाजपालाई धोबी-पाट दिन सक्छ ।

# सुधारको गतिमा अर्थतन्त्र

-रमेश लम्साल
काठमाडौं, १० वैशाख/रासस

राजस्व विभागको पछिल्लो विवरण अनुसार राजस्व सङ्कलनमा ६१ प्रतिशतले वृद्धि भएको छ । गत माघमा मासिक लक्ष्यको ५३ प्रतिशत मात्र राजस्व सङ्कलन भएकोमा फागुनमा ५४ प्रतिशत र चैतमा ६१ प्रतिशतले वृद्धि भएको छ ।

विभागका अनुसार गत माघमा रु ३० अर्ब ८० करोड, फागुनमा रु ३१ अर्ब ८० करोड र चैतमा रु ३४ अर्ब ८० करोड बराबर राजस्व सङ्कलन भएको छ । सरकारले राजस्व वृद्धिका लागि आवश्यक पहल गरिरहेको छ। पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले ब्याजदर एक प्रतिशत बिन्दुभन्दा बढी घटाएका छन्। निक्षेपको ब्याजदर घटाएका बैंक तथा वित्तीय संस्था कर्जाको ब्याजदर पनि क्रमशः घटाउने तयारीमा छन् ।

सरकारको खर्चको हिसाब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म कुल रु छ खर्ब ९५ अर्ब २३ करोड १५ लाख बराबरको राजस्व सङ्कलन भएको छ । शुक्रवारसम्मको विवरण अनुसार सरकारले रु सात खर्ब ३६ अर्ब बराबरको राजस्व रकम प्राप्त गरेको छ। सो अवधिमा रु नौ खर्ब ५५ अर्ब २४ करोड ७६ लाख बराबर खर्च गरेको छ ।

वैदेशिक मुद्राको सञ्चिति बढाउनका लागि सरकारले केही वस्तुको आयातमा रोक लगाएपछि भन्सार राजस्व सङ्कलनमा केही दबाब परेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार चालू आवको आठ महीनामा कुल विदेशी सञ्चिति १४ खर्ब एक अर्ब २१ करोड बराबर पुगेको छ। सो अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४८ अर्ब ११ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ५८ अर्ब ६४ करोडले घाटामा थियो। यस्तै सो अवधिमा चालू खाता रु ४४ अर्ब ३१ करोडले घाटामा छ।

केन्द्रीय बैंकका अनुसार रु सात खर्ब ९४ अर्ब ३२ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । विदेश अध्ययन गर्न जाने विद्यार्थीले मात्रै सो अवधिमा रु ५४ अर्ब ७० करोड बराबर रकम विदेश लगेका छन् । विदेश भ्रमणमा जानेले मात्रै रु ७६ अर्ब १२ करोड लगेका छन्। सरकारले यो खर्च कम गराउनेतर्फ विशेष ध्यान दिनुपर्ने जानकारहरूको भनाइ छ।

विप्रेषणमा सुधार भएको छ, विदेशी मुद्राको सञ्चितिमा वृद्धि भएको छ । राजस्व सङ्कलन पनि क्रमशः वृद्धि हुँदै गएकोले अर्थतन्त्र सुधारको दिशामा रहेको स्पष्ट हुन्छ। मुलुकको अर्थतन्त्रको पछिल्लो तस्वीर हो यो ।

तस्वीरः फाइल



निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको नवनिर्वाचित नेतृत्वले सङ्कट समाधानका उपाय खोज्ने क्रममा निरन्तर परामर्श गरिरहेको छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार नेपाली अर्थतन्त्र न्यून माग र उच्च मूल्यवृद्धिका कारण समस्यामा परेको छ । निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न नसक्दा विगतदेखि समस्या सिर्जना भएको उनको बुझाइ छ ।

उनले आफू सधैं सकारात्मक सोच राख्ने र हाम्रोजस्तो मुलुकको अर्थतन्त्रलाई लयमा ल्याउन सकिने भन्दै यसका लागि सरकार निजी क्षेत्र सहयोग र सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे ।

उनले भने-"आर्थिक वृद्धिको आधार तयार पार्न हामी सबै जुट्नुपर्छ। बजारमा माग बढाउनु जरूरी छ। इन्धनको मागमा वृद्धि गरेर जानुपर्छ । राज्य र निजी क्षेत्रको साझा प्रयासबाट मात्रै अर्थतन्त्रको वर्तमान समस्या समाधान गर्न सकिन्छ।"

भौतिक पूर्वाधारको काम हुने समय भए पनि बजारमा सिमेन्ट, रडको मागमा कमी आएको छ। इन्धनको माग बढ्न सकेको छैन। सरकारले पूँजीगत खर्च बढाउन सकेको छैन। राष्ट्रिय गौरवका आयोजनामा अपेक्षित खर्च हुन सकेको छैन।

शुक्रवारसम्म २९ प्रतिशत मात्रै पूँजीगत खर्च भएको छ । अध्यक्ष ढकालका अनुसार बजारमा माग बढाउने र मूल्य घटाउनका लागि सबैको साथ र सहयोग जरूरी छ । महासङ्घको नयाँ कार्यसमितिले नेपाल राष्ट्र बैंकसहित नेपाल सरकार र सबै सरोकारवालासँग परामर्श गरिरहेको उनी बताउँछन् ।

केही दिन अघि महासङ्घको टोलीले गभर्नरसँग पनि भेट र परामर्श गरेको थियो। त्यस अवसरमा गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक निजी क्षेत्रसँगको सहकार्यबाट नै अघि बढ्ने बताएका थिए । उनले बैंकिङ क्षेत्रका मुद्दा र समस्याबारे आगामी दिनमा निजी क्षेत्रसँग सहकार्यलाई प्राथमिकतामा राख्ने बताएका थिए ।

पछिल्ला दिनमा नेपाल राष्ट्र बैंक मौद्रिक नीतिमा पुनः विचार गर्दै लगानी विस्तारका लागि मार्ग प्रशस्त गर्न तयार भएको छ । यद्यपि, हालसम्म नतीजा भने आइसकेको छैन । गभर्नर अधिकारीको भनाइलाई मान्ने हो भने बैंक तथा वित्तीय संस्थामा हाल रु दुई खर्ब बराबरको लगानीयोग्य पूँजी छ । सिडी रेसियोबाट हेर्दा बैंकसँग रु दुई खर्ब लगानीयोग्य पूँजी छ। उनले हाल रु एक खर्ब ४८ अर्बको सकारात्मक बचत रहेको बताए ।

तरलता सहज हुँदै गएको, लगानीयोग्य रकम बढेको उल्लेख गर्दै गभर्नर अधिकारी भन्छन्-"बैंक लगानी गर्ने स्थितिमा छन्। उत्पादनमूलक क्षेत्रमा लगानी बढोस् भन्ने हाम्रो लक्ष्य हो । सोही अनुसार नीतिमा सुधार हुन्छ ।" गभर्नरको यस खालको आत्मस्वीकृतिले पनि अर्थतन्त्रले लय समात्दै छ भन्ने अनुमान गर्न सकिन्छ ।

अर्थमन्त्री डा प्रकाशशरण महत पनि आफू लगातार राष्ट्र बैंकका गभर्नरलगायत अधिकारीसँग छलफल गरिरहेको र समस्या समाधानमा केन्द्रित रहेको बताउँछन्। शनिवार राजधानीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले अर्थतन्त्रको सुधारका लागि आफू एक्लैले केही गर्न नसक्ने भएकोले सम्बद्ध सरोकारवालाले विशेष ध्यान दिनुपर्ने बताएका थिए । उनले केही विषयमा नीतिगत हस्तक्षेप गर्ने सङ्केत गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन र बाधा हटाउन पहल भइरहेको बताएका थिए ।

ब्याजदरमा भएको वृद्धिका कारण लगानीमैत्री वातावरण बन्न नसकेको उल्लेख गर्दै उनले मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई चलायमान बनाउन नेपाल राष्ट्र बैंकको नेतृत्वसँग पनि छलफल भयरहेको जानकारी दिएका थिए। उनले भने-"हामी धेरै निराश नहोऔं, अर्थतन्त्र चलायमान बनाउन सकिन्छ। केही समय धैर्य गरौं"-अर्थमन्त्री डा महतले भने ।

यति बेला धैर्यता जरूरी रहेको र अनुत्पादक खर्च घटाउनुपर्ने अवस्था आएको बताउँछन् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' । उनले अर्थतन्त्रमा सुधारको सङ्केत देखा परेको भए पनि ढुक्क हुने अवस्थामा नरहेको समय समयमा बताउने गरेका छन् ।


सरकारले राजस्व बढाउने र समस्यामा परेका नागरिकलाई केही हदसम्म भए पनि राहत दिने लक्ष्यका साथ भूउपयोग (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गरेको छ। यही वैशाख ५ गतेको मन्त्रिपरिषद् बैठकले सो नियमावली स्वीकृत गरेको हो ।

निजी क्षेत्रका प्रतिनिधिसँग प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्र सुधार्न केही नयाँ, ठूलो र गुणात्मक बजेट ल्याउने तयारीमा सरकार रहेको हालै बताएका थिए । प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री डा महत अर्थतन्त्रको समस्या समाधानका लागि सरोकारवाला पक्षसँग नियमित संवाद गरिरहेका छन्। त्यसैले अर्थतन्त्रले क्रमशः लय समात्दै गएकाले विचलित नहुन सरकारको आग्रह छ ।

## फरक समाचार

# अल निनोको असरले गर्मी बढ्दै

दुनियाँभरि अल निनोको असरबाट तापमानमा वृद्धि भएको छ । युरोपेली सङ्घको कोपरनिकस क्लाइमेट चेन्ज सर्भिस (सिसिसिएस)का अनुसार प्रशान्त महासागरमा तीन वर्षसम्म ला निनाको प्रभावपछि अल निनो फर्किएको सङ्केत भेटिएको छ ।



क्लाइमेट मोडेलको माध्यमबाट मौसम वैज्ञानिकले अनुमान लगाएका छन्, ला निनाको कारण वैश्विक तापमानमा दर्ज गरिएको गिरावट अल निनोको कारण तीव्र हुन सक्छ । भनिन्छ सन् २०२३ र २०२४ मा दुनियाँभरिमा न्यूनतम तापमानको रेकर्ड टुट्न सक्छ । वैश्विक तापमानमा १.२ डिग्री सेल्सियससम्म बढोत्तरी देखिसकिएको छ। अनुमान छ कि अल निनोको प्रभावबाट वैश्विक तापमानमा १.५ डिग्री सेल्सियससम्म बढोत्तरी सम्भव छ ।

भारतीय मौसम विज्ञानको अनुमान छ कि भारतमा मनसुनको दौरान अल निनोको सम्भावना ७० प्रतिशतसम्म छ। जून-जुलाई र अगस्तमा यसको प्रभाव बढी देखिन सक्छ। कृषि मन्त्रालय र विभाग अनुसार सन् २००१ देखि २०२० को बीच भारतमा नौ वर्षसम्म अल निनोको प्रभाव देखिएको थियो। यसमध्ये चार वर्ष सन् २००३, २००५, २००९-१० र २०१५-१६ मा भारतले सुक्खाको दंश पनि झेल्यो । तसर्थ यो वर्ष चिन्ताको विषय हुन सक्ने बताइएको छ ।

युनिभर्सिटी अफ मेरिल्यान्डको अर्थ सिस्टमको मौसम वैज्ञानिक प्राध्यापक रघु मुर्तुगुड्डेको अनुमान छ भारतमा अल निनोको प्रभाव तीव्र हुन्छ र मनसुनमा हुने वर्षामा १५ प्रतिशतसम्म गिरावट सम्भव छ। यसै प्रकार दक्षिण अफ्रिका, इन्डोनेशिया, अस्ट्रेलिया र प्रशान्त द्वीपहरू भएको देशमा गर्मीबाट अवस्था बिग्रिन सक्छ । संसारका थुप्रै ठूला देशमा सुक्खा र वर्षाको अभावको कारण स्थिति बिग्रिन सक्छ। सिसिसिएसका निर्देशक कार्लो बुओनटेम्पोको भनाइ छ, अल निनोको सीधा सम्बन्ध वैश्विक तापमानमा रेकर्ड तोड्ने गर्मीसँग हुन सक्छ। सन् २०२३ र २०२४ मा यस्तो स्थिति बन्न सक्छ यो अहिले स्पष्ट छैन। यद्यपि क्वाइमेट मोडेलबाट अल निनोको प्रभाव गर्मीको अन्त्यमा तीव्र भएको देखिएको छ र यस वर्षको अन्त्यसम्म यसको असर दुनियाँको तापमानमा देखिन सक्छ ।

इम्पिरियल कलेज लन्दनका ग्रैन्थम इन्स्टिच्युटका मौसम वैज्ञानिक फ्रेडरिक ओट्टोको भनाइ छ अल निनोको कारण तापमानमा तीव्रताले जलवायु परिवर्तनको दुष्प्रभावको दायरा बढ्छ। दुनियाँका ती देश जुन पहिलेदेखि हिट वेभ, सुक्खा र जङ्गलमा आगलागीको घटना झेलिरहेकाहरूलाई यो नयाँ चुनौती हुनेछ । अल निनोको प्रभावबाट सन् २०१६ मा परेको गर्मीको रेकर्ड सन् २०२३ ले तोड्ने छ।

सन् २०१६ मा अल निनोको तीव्र प्रभावको कारण वैश्विक तापमानमा रेकर्ड तोडिएको थियो । अल निनोको प्रभाव नरहे पनि जलवायु परिवर्तनको कारण दुनियाँभरको तापमानमा पाराको ताल तीव्र भएको देखिन्छ। ग्रीन हाउस ग्याँस उत्सर्जनमा लगातार बढोत्तरीका कारण वैश्विक स्तरमा गर्मीको स्तर बढिरहेको छ। यही कारण हो कि गत आठ वर्षमा सबैभन्दा बढी गर्मी रेकर्ड गरिएको छ जुन भविष्यको लागि खतराको घण्टीको सङ्केत हो ।

दुनियाँमा ग्लेशियर तीव्र गतिले पग्लिरहेको छ। यसमा अल निनोका कारण गति बढ्न सक्छ । यसबाट तापमानमा निकै बढोत्तरी सम्भव छ । वैज्ञानिकहरू अल निनोको असर बुझ्न बूई नामक वैज्ञानिक वस्तु प्रयोग गर्छन्। यो महासागरको पानीबीच तैरिरहन्छ। यो महासागरको साथ हावाको तापमान, हावाको गति र आद्रताको गणना गर्छ। बूईद्वारा एकत्र गरिएको आँकडाको आधारमा नै मौजूदा समयमा अल निनो फर्किने अनुमान लगाइँदै छ ।

गर्मी बढ्ने चार प्रमुख सङ्केतः १) अल निनोको असरबाट भूमध्य रेखा र पश्चिमतर्फ बग्ने हावा सुस्त हुन्छ। २) गर्म पानी पूर्वतर्फ बढ्छ जसबाट महासागरको सतहको तापमानमा तीव्रता आउँछ । ३) तापमानमा तीव्रताको साथ वर्षाको अभावबाट न्यूनतम तापमानमा पनि तीव्र गतिले बढोत्तरी हुन्छ। ४) अल निनोको प्रभावको कारण हावाको गति प्रभावित हुन्छ जसबाट गर्मी झनै बढ्छ ।

अल निनोको दुष्प्रभावः १) अल निनोको प्रभावबाट भारत र अस्ट्रेलियामा सुक्खाजस्तो स्थितिको जोखिम बढी हुन्छ । २) समुद्रको सतहमा गर्मी बढ्नाले जलीय जीवको जीवनलाई सबैभन्दा ठूलो क्षति पुग्छ। ३) अल निनोको प्रभावको कारण फसलको पैदावारमा पनि गिरावट दर्ज गरिएको छ । ४) तापमानमा तीव्रताको साथ वर्षाको सङ्कट हुनाले स्थिति झनै बिग्रिन सक्छ ।

# गर्मीमा मोबाइल पड्किन सक्छ

गर्मी मौसममा मोबाइल पड्किएको थुप्रै घटना हुने गर्छ। बढी गर्मी भएपछि यसको असर मोबाइलमाथि पर्छ। गर्मीमा यदि मोबाइल तातो हुने समस्या छ भने ध्यान राख्नुपर्छ ।



घाममा नराखौं : जसरी हामी गर्मीबाट बच्न छाया खोज्छौं त्यसैगरी फोनलाई पनि गर्मीबाट बचाउनुपर्छ । मोबाइललाई कहिल्यै घाममा राख्नुहुँदैन किनभने सूर्यको प्रकाशले यसलाई झनै तातो बनाउन सक्छ । घरमा पनि फोनलाई शीतल ठाउँमा राख्ने अथवा चलाउने गर्नुपर्छ ।

मोबाइल कभरः मोबाइल कभरले हाम्रो मोबाइललाई सुरक्षित राख्छ। जाडोमा मोबाइल कभर उपयोगी भए पनि गर्मीमा भने मोबाइल कभरको प्रयोग सतर्कतापूर्वक गर्नुपर्छ। घर वा कार्यालयमा मोबाइल प्रयोग गर्दा यसलाई निकाल्नुपर्छ। गर्मी र त्यसमाथि मोबाइल कभरले मोबाइललाई झनै तातो बनाउन सक्छ ।

ब्राइटनेशः मोबाइलमा अटो ब्राइटनेश फिचर हुन्छ। घाममा निस्कँदा हामीले मोबाइलको ब्राइटनेश बढाएर राख्छौं । बढी ब्राइटनेशले मोबाइल मात्र होइन, आँखामा पनि असर पार्न सक्छ। तसर्थ ब्राइटनेश कम राखेर प्रयोग गर्दा यसले ब्याट्रीको उपयोग पनि कम हुन्छ र मोबाइल डिभाइस पनि धेरै तात्न पाउँदैन ।

लगातार फोन चलाउनुहुँदैनः गर्मीमा लगातार धेरै समयसम्म फोन चलाउँदा त्यो तात्ने र पड्किन सक्छ। तसर्थ मोबाइललाई आराम दिएर चलाउनुपर्छ र केही समयको लागि एयरप्लेन मोडमा राख्नुपर्छ ।

फास्ट चार्जिङ स्लो राख्नेः आजभोलि स्मार्टफोनमा फास्ट चार्जिङको विकल्प छ । थुप्रै फोन १० मिनेटमैं ५० प्रतिशत चार्ज हुन्छ । फास्ट चार्जिङलाई पनि कोहीकोही राम्रो मान्दैनन् । फास्ट चार्जिङबाट फोन तातो हुन्छ । सुपर-फास्ट चार्जिङ, अल्ट्रा फास्ट चार्जिङबाट पनि फोन तातो हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# खालिस्तान समर्थक नेता अमृतपाल सिंह पक्राउ


तस्वीरः एजेन्सी

बेइजिङ, १० वैशाख/एएनआई

खालिस्तान समर्थक नेता अमृतपाल सिंहलाई पक्राउ गरिएको छ। उनलाई पञ्जाबको मोगाबाट आज बिहान पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनी गत मार्च १८ देखि फरार थिए। पञ्जाब प्रहरीले सोही दिनदेखि उनी र उनको सङ्गठन 'वारिस पञ्जाब दे' विरुद्ध कारबाई शुरू गरेको थियो।

अमृतपाल सिंहलाई राष्ट्रिय सुरक्षा ऐन (एनएसए)अन्तर्गत पक्राउ गरिएको हो। सिंह र उनका सहयोगीहरूमाथि वर्ग विभेद फैलाएको, ज्यान मार्ने प्रयास गरेको, प्रहरीमाथि हमला, सरकारी कर्मचारीका कानूनी काममा बाधा पुऱ्याएको अभियोगमा फौजदारी मुद्दा चलाइएको थियो।

गत मार्च २८ मा अमृतपाल र उनका सहयोगीहरू पञ्जाबकै होशियारपुरमा रहेको गोप्य जानकारी पाएपछि प्रहरीले खोजी अभियान तीव्र पारेको थियो। पञ्जाब प्रहरीले राज्यका बासिन्दालाई शान्ति सुव्यवस्था र सद्भाव कायम राख्न अपिल गर्दै भ्रामक समाचार नफैलाउन आग्रह गरेको छ। प्रहरी कारबाईसम्बन्धी विवरणहरू क्रमशः सार्वजनिक गरिने पञ्जाब प्रहरीले सामाजिक सञ्जालमार्फत जनाएको छ।

गुप्तचर निकायहरूका अनुसार अमृतपाल सिंहले पाकिस्तानी गुप्तचर निकाय इन्टर सर्भिसेस इन्टेलिजेन्समार्फत हतियार ल्याएर पञ्जाबलाई साम्प्रदायिक आधारमा विभाजन गर्न खोजेका छन्। उनले युवा वर्गलाई बन्दूक संस्कृतितर्फ डोऱ्याएको आरोप छ। रासस

# जैविक विविधता संरक्षणमा राष्ट्रसङ्घ महासचिवको विशेष आग्रह

संयुक्त राष्ट्रसङ्घ, १० वैशाख/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले शनिवार अन्तर्राष्ट्रिय समुदायलाई गहिरो, छिटो उत्सर्जन कटौतीका साथ जलवायु कार्यलाई तीव्रता दिन आह्वान गरेका छन्।

"विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्न हामीलाई गहिरो, छिटो उत्सर्जन कटौतीका साथै द्रुत जलवायु कार्य आवश्यक छ"–महासचिवले अन्तर्राष्ट्रिय मातृ पृथ्वी दिवसका सन्दर्भमा आयोजित सन्देशमा उल्लेख गरेका छन्।

"हाम्रा कार्यहरूले जङ्गल, खेतबारी, सिमसार क्षेत्र, महासागर, चट्टान, नदी, समुद्र र तालहरू बर्बाद हुँदैछन्"–संयुक्त राष्ट्रसङ्घ प्रमुखले सबै देशलाई मानवताको सबैभन्दा महत्त्वपूर्ण सम्बन्धमा चिन्तन गर्न आग्रह गर्दै हाम्रो प्राकृतिक संसार र भौतिक संसारबीच तालमेल हुनुपर्ने कुरामा जोड दिएका छन्। उनले जैव–विविधताको संरक्षणमा जोड दिंदै हावा, पानी, माटोलगायत सबै प्राकृतिक वस्तुको संरक्षणमा ध्यान दिन विशेष आग्रह गरेका छन्।

"प्राकृतिक र जैविक विविधता नष्ट हुँदैछ, लाखौं जीव र प्रजाति विलुप्त हुने सँघारमा छन्, त्यसैले यसको संरक्षणमा विशेष कार्ययोजना बनाउने आवश्यकतामाथि महासचिवले सबै सरोकारवालाको ध्यानाकर्षण गराएका छन्। अन्तर्राष्ट्रिय समुदायसँग उपकरण, ज्ञान र समाधान छ तर त्यसको व्यावहारिक प्रयोगमा तीव्रता दिनुपर्ने उनको धारणा छ। महासागर र नदीदेखि जङ्गल र चरासम्म स्वस्थ पर्यावरण पनि जलवायु परिवर्तन विरुद्ध लडाइँमा महत्त्वपूर्ण रहेको गुटेर्रेसले उल्लेख गरेका छन्।

"सन् २०३० सम्म पृथ्वीको ३० प्रतिशत जमीन र पानी सुरक्षित हुने सुनिश्चित गर्न ऐतिहासिक संयुक्त राष्ट्रसङ्घ जैविक विविधता सम्झौता कार्यान्वयन गर्नका निम्ति कार्य गरौं"–उनले भने। महासचिवले सरकारहरूलाई 'हरेक पाइलामा' बाटोको नेतृत्व गर्न आग्रह गर्दै त्यसमा संस्था र नागरिक समाजको पनि महत्त्वपूर्ण भूमिका रहेको बताएका छन्।

गुटेर्रेसले समयानुकूल बुद्धि, ज्ञान र आदिवासी जनजातिहरूको नेतृत्वबाट केही कुरा सिक्न आग्रह गरेका छन्। "यस पृथ्वी दिवसका सन्दर्भमा म सबै ठाउँका मानिसलाई आआफ्नो ठाउँबाट शान्त र समृद्ध विश्व निर्माण गर्न आवाज उठाउन आग्रह गर्दछु"–महासचिवले भने। रासस

# मालीमा हिंसा भड्कियो, दश सर्वसाधारण र तीनजना सैनिक मारिए

बामाको (माली), १० वैशाख/एएफपी

गणतन्त्र मालीमा फेरि हिंसा चर्किएको छ। शनिवार देशका विभिन्न भागमा भएका झडपमा १० जना सर्वसाधारण र तीनजना सैनिक जवानको मृत्यु भएको छ। सुरक्षा फौजले ८८ जना जिहादीलाई नियन्त्रणमा लिएको छ। अतिवादी समूहले शनिवार मध्य मोप्ती क्षेत्रको सेभेरे विमानस्थल क्षेत्रमा कार बम विस्फोट गराउँदा १० जना सर्वसाधारणले ज्यान गुमाएका तथा ६१ जना घाइते भएका सरकारले एक विज्ञप्ति निकालेर बताएको छ।

विस्फोटबाट विमानस्थल वरपरका केही घर ध्वस्त भएका छन्। सुरक्षा फौजका जवानहरूले बहादुरीपूर्वक विद्रोहीको सामना गरेर परास्त गरेको विज्ञप्तिमा उल्लेख छ।

सन् २०१२ मा देशको उत्तरी भागमा जिहादी पृथकतावादी विद्रोह शुरू भएपछि मालीको शान्तिसुरक्षामा सङ्कट उत्पन्न भएको छ। सन् २०२० को अगस्तदेखि राजनीतिक व्यक्तिहरूको परिषद्ले सत्ता सम्हालेको छ।

फ्रान्स र अन्य पश्चिमा साझेदारको सहयोगमा जिहादीविरुद्ध सङघर्षरत माली लामो समयदेखिको सम्बन्ध तोडेर सैन्य र राजनीतिकरूपमा रूसतर्फ मोडिएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – खर्चवृद्धि | कर्कट – सुयश |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – नारीसुख |
| धनु – शत्रुपराजय | मकर – ज्ञानोदय |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# शर्मा 'अन्तर्राष्ट्रिय राजदूत पुरस्कार' का लागि छनोट



प्रस, वीरगंज, १० वैशाख/

नेपाल तेक्वान्दो महासङ्घका अध्यक्ष दिनेश शर्मा अस्ट्रेलियाको तेक्वान्दो संस्था अन्तर्राष्ट्रिय तेक्वान्दो फेडेरेशन (आइटिएफ)को 'अन्तर्राष्ट्रिय राजदूत पुरस्कार'का लागि छनोटमा परेका छन्।

अस्ट्रेलियाको मेलबर्नमा २३ अप्रिल २०२३ मा हुने आइटिएफ, हल अफ फेम अवार्ड कार्यक्रमको पाँचौं संस्करणको अवसरमा प्रदान गरिने विभिन्न विधाहरूमध्ये शर्मा उक्त पुरस्कारका लागि छनोटमा परेका हुन्।

शर्माले अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घ (आइटिएफ)को तत्वावधान र युनाइटेड आइटिएफ तेक्वान्दो अस्ट्रेलियाको आयोजनामा मेलबर्नमा २२ र २३ अप्रिल २०२३ मा हुने तेस्रो ग्लोबल ओपन तेक्वान्दो च्याम्पियनशिप २०२३ मा नेपालको लागि टीम प्रशिक्षकको जिम्मेवारीसमेत सम्हाल्नेछन्।

आइटिएफले लाइफटाइम योगदान पुरस्कार, अन्तर्राष्ट्रिय राजदूत पुरस्कार, उत्कृष्ट एथलिट पुरस्कारलगायत चार विधामा विभिन्न देशमा तेक्वान्दो क्षेत्रमा योगदान पुऱ्याएकाहरूलाई सम्मान गर्दै आएको छ।

# चार प्रतिशत बालबालिका खोपबाट वञ्चित



काठमाडौं, १० वैशाख/रासस

नेपालमा चार प्रतिशत बालबालिका खोपबाट वञ्चित छन्। उनीहरूले कुनै पनि खोप लगाउन पाएका छैनन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार विशेष गरी इँटाभट्टा, कलकारखानामा काम गर्ने, बालबालिका बिरामी भएर, कोरोना भाइरसको समयमा लकडाउन र सूचना अभावले ती बालबालिका खोप लगाउनबाट वञ्चित हुनुपरेका हुन्। मन्त्रालयले खोप लगाउन छुटेका बालबालिकालाई खोजेर खोप लगाउनका लागि यही वैशाख ११ देखि १७ गतेसम्म खोप सप्ताह सञ्चालन गर्दैछ। सो अवसरमा सरकारले खोप लगाउन छुटेका बालबालिकाको पहिचान गरी खोप प्रदान गर्नेछ। गौतमले ९५ प्रतिशत बालबालिकामा खोपको पहुँच पुऱ्याइने लक्ष्यसहित खोप अभियान सञ्चालन गरेको बताए। नेपालमा दादुरा र रूबेलाविरुद्ध दिइने खोपमा ९५ प्रतिशतको पहुँच पुऱ्याउन नसकिएको खोप शाखा प्रमुख डा गौतमले जानकारी दिए।

दादुरा र रूबेलाविरुद्धको खोप नौ महीना र १५ महीना दुईपटक दिइन्छ।

नेपालमा अहिले १३ प्रकारका

(बाँकी अन्तिम पातामा)

# रेन्बो माविद्वारा विद्यार्थी भर्ना अभियान



तस्वीरः प्रतीक

प्रस, पर्सागढी, १० वैशाख/

पर्सागढी नगरपालिका वडा नं ३ स्थित पर्सा रेन्बो माध्यमिक विद्यालयको आयोजनामा भर्ना अभियान शुरू भएको छ।

अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराइने यस विद्यालयमा अनुभवी विषयगत शिक्षक रहेको प्रधानाध्यापक टङ्कबहादुर क्षेत्रीले बताए। उनले आफ्नो विद्यालयमा विद्यार्थीले बुझ्ने किसिमले शिक्षा प्रदान गर्ने गरिएको बताए। उनले अति कमजोर विद्यार्थीहरूको लागि छुट्टै पठनपाठनको व्यवस्था मिलाइएको, जेहेन्दार, अति गरीब तथा दलित विद्यार्थीहरूको लागि छात्रवृत्ति प्रदान गरिएको बताए।

# चार महिलासहित ३७ जनाद्वारा रक्तदान



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १० वैशाख/

वीरगंजस्थित ओम अस्पतालले आइतवार आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ३७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

सिमरन कुमारी, अर्चना मिश्र, सरोज गुरुङ, सुमेश श्रेष्ठ, नागेन्द्रप्रसाद कुर्मी, विवेक सर्राफ, दीपेन्द्र राउत, अनुराग प्रजापति, रञ्जीत गुप्ता, वीरेन्द्र यादवलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।

# मुख्यमन्त्री यादवलाई सोधियो स्पष्टीकरण

काठमाडौं, १० वैशाख/रासस

निर्वाचन आयोगले मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवलाई स्पष्टीकरण सोधेको छ। उपनिर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकूल असर पर्ने गरी अनुमतिविना निर्वाचन आचारसंहिता विपरीत कार्य गरेको भन्दै आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको हो।

आयोगले बारा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्य उपनिर्वाचन भइरहेको अवस्थामा निर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकूल असर पर्नेगरी अनुमतिविना निर्वाचन आचारसंहिताविपरीत उनी के कति कारणले पचरौता नगरपालिका क्षेत्र गएका हुन् भनी स्पष्टीकरण सोधेको हो।

"तपाईं त्यहाँ जाँदा प्रयोग गरेको सवारीसाधन र सुरक्षा व्यवस्था सरकारी हो, होइन ? तपाईंको यो कार्यले पदको गरिमा र निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को उल्लङ्घन हुन्छ, हुँदैन ? निर्वाचन आचारसंहिता उल्लङ्घन गरेकामा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ बमोजिम कारबाई किन नगर्ने ?" आयोगको स्पष्टीकरणमा भनिएको छ। आयोगका उपसचिव कमल ज्ञवालीले मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेश गर्न निर्देशन दिएको जानकारी दिए।

### मनाइयो ...

सख्खर र मिश्री मिसाइएको शर्बतसहितको घडा र जौको सातु दान गर्ने परम्परा छ।

यस दिन गरिएको स्नान, दान, ध्यान, जपलगायत पुण्यकर्म कहिल्यै नाश नहुने कुरा विभिन्न पुराणमा वर्णन गरिएको छ। जौको सातु र शर्बत वैशाखको गर्मीमा अमृत समान हुने भएकोले दान गर्ने र आफूले पनि खाने वैदिक कालदेखिको परम्परा हो।

गर्मीबाट शरीरलाई बचाउन दुवै चीजले सहयोग गर्ने र यसबाट शक्तिसमेत प्राप्त हुने धर्मशास्त्रविद् एवं वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका अध्यक्ष प्राडा देवमणि भट्टराई बताउँछन्। शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि यसले सहयोग गर्ने जनाइएको छ। कोरोना भाइरस (कोभिड १९) को जोखिम पूर्णरूपमा अन्त्य नभइसकेकोले सातु र शर्बतले मानव शरीरमा रोग प्रतिरोधी क्षमता वृद्धि गर्ने आयुर्वेदका चिकित्सकको भनाइ छ।

"वैशाख शुक्ल तृतीयाका दिन थोरै दान गरेपनि धेरै फल प्राप्त हुने र यो अक्षय अर्थात कहिल्यै नाश नहुने भएकोले आजको दिनलाई अक्षय तृतीया भनिएको हो, 'शरीरमाद्यं खलु धर्मसाधनम्' अर्थात् पहिले शरीरको रक्षा गर, अनि मात्र धर्मको साधना गर भन्ने उक्तिलाई पनि यसले चरितार्थ गर्छ" उनी भन्छन्।

आजको दिन दान गरिने घडालाई धर्मघटादि दान पनि भनिन्छ। आज बूढाबुढीलाई छाता, लौरो र कपडाका जुत्ता दान गर्ने तथा गच्छे भए गाई, जमीन, अन्न र सुन पनि सत्पात्र ब्राह्मणलाई दिने चलन छ। यस्तो दान असहाय एवं विपन्न वर्गलाई पनि गरिन्छ।

सत्य युगमा आजकै दिन आराध्यदेव महादेव र हिमालयकी छोरी पार्वतीको विवाह भएको विश्वास गरिन्छ। यसैले विवाहका लागि आज लग्न तथा साइत हेर्नु नपर्ने मान्यता पनि छ तर यस वर्ष भने गुरु अस्त भएकाले विवाहलगायत साइतमा गरिंदै आइएका शुभकर्म भने गर्न नहुने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको सदस्यसमेत रहेका प्राडा भट्टराई बताउँछन्।

त्रेतायुगको प्रारम्भ पनि आजकै दिनदेखि भएको शास्त्रीय वचन छ। यस दिन गरेको शुभ कामबाट अक्षय अर्थात् कहिल्यै नाश नहुने फल प्राप्त हुने हुँदा यस तिथिलाई अक्षय तृतीया भनिएको शास्त्रीय ग्रन्थमा उल्लेख छ।

# शिक्षा र स्वास्थ्यमा ३० प्रतिशत बजेट विनियोजन गर्न वडाध्यक्षहरूलाई नगरप्रमुखको निर्देशन

प्रस, पोखरिया, १० वैशाख/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले आगामी आवदेखि नगरप्रमुख चौहानले विद्यालय र स्वास्थ्य सेवा प्रभावकारी बनाउन वडास्तरीय बजेटको ३० प्रतिशत विनियोजन गर्न वडास्तरबाटै शिक्षा र स्वास्थ्यको लागि ३० प्रतिशत बजेट विनियोजन गर्न वडाध्यक्षहरूलाई निर्देशन दिएका छन्।

तस्वीरः प्रतीक



'समयमैं भर्ना, समयमैं ज्ञान : गुणस्तरीय शिक्षा पोखरिया नगरपालिकाको अभियान' नाराका साथ आइतवार पोखरियामा आयोजित विद्यालय भर्नासम्बन्धी गोष्ठीमा निर्देशन दिए। उनले शिक्षा नै समाज उन्नतिको प्रमुख माध्यम भएको भन्दै यसको विकासमा पोखरिया नपाले कञ्जुस्याइँ नगर्ने बताए। उनले विद्यालय भर्ना अभियानलाई सशक्त र प्रभावकारी पार्ने प्रमुख कारक विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू भएकाले उनीहरूले यो कार्यलाई महत्त्वका साथ अगाडि बढाउनुपर्ने बताए।

विद्यालयबाहिर रहेका उमेर समूहका सबैलाई विद्यालयमा भर्ना गराउन र गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा पहिलो दायित्व प्रअ र शिक्षकहरूको भएपनि त्यसमा सबैको सहकार्य हुने र नपाले पनि हातेमालो गर्ने बताए। उनले शैक्षिक क्षेत्रको समस्या समाधानका लागि नपाले कार्य गर्दै आएको र अस्थायी शिक्षक भएका ठाउँमा यो शैक्षिक सत्रदेखि स्थायी शिक्षक पठाउने बताए।

नगरप्रमुख चौहानले विद्यालय सञ्चालन भएका बखत विभिन्न बहानामा शिक्षकहरू नपा कार्यालयमा धाउने गरेकामा आपत्ति जनाए। उनले पहिलो प्राथमिकता कक्षा सञ्चालन गर्ने र त्यसपछिको समयमा यस्ता कामहरूलाई प्राथमिकता दिनुपर्नेमा ज्ञापनपत्र, डेलिगेशन, ध्यानाकर्षणजस्ता कुराहरूलाई लिएर अधिकांश शिक्षक नपा कार्यालयमा केन्द्रित हुने गरेकामा अब यस्तो कार्य नगर्न उनले चेतावनी दिए। उनले शिक्षकहरू राजनीतिक गतिविधिमा लागेका कारण पनि विद्यालयको शैक्षिक स्तरोन्नति नभएको आरोप लगाए।

गोष्ठीमा शिक्षक विनोद गिरी, पारस ठाकुर, शुभलाल साह, अनिल गिरी, लालबहादुर चौहान, आसमान नेपालका धर्मेन्द्र चौरसियालगायतले पोखरिया नपामा रहेका सामुदायिक विद्यालयहरूको अवस्था दयनीय रहेका र पूर्वाधार विकासमा नपाले ध्यान दिनुपर्ने सुझाव दिए। उनीहरूले विद्यालयको भौतिक संरचना निर्माण, शौचालयको सरसफाइ, फर्निचर र प्रविधिमैत्री शिक्षामा नपाको सहयोग हुनुपर्ने सुझाव दिएका थिए।

कार्यक्रममा पोखरिया नपाका अधिकृत अजय श्रीवास्तव, शिक्षा शाखा प्रमुख विजय झा, वडाध्यक्षहरू नौशाद आलम, प्रमोद गिरी, लक्ष्मण साह कानूलगायतले मन्तव्य दिएका थिए। कार्यक्रमको सहजीकरण लक्ष्मण खवासले गरेका थिए।


## बालबालिकालाई स्तनपान किन गराउने ?

- आमाको दूधले बालबालिकाको जीवनरक्षा गर्छ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ।
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ।
- स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ।

**त्यसैले बालबालिकालाई पर्याप्त मात्रामा स्तनपान गराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### चार प्रतिशत बालबालिका ...

रोगविरुद्धको खोप रोग, अपाङ्गता र मृत्युबाट बचाउन बालबालिकालाई दिइन्छ। खोप सप्ताहभर नियमित खोप प्रदान गरिनेछ। वैशाख १५ र ३१ गते भने सबै खोप दिइनेछ। परिवार कल्याण महाशाखाका निर्देशक डा विवेकुकुमार लालले खोप लगाउन छुटेका बालबालिकालाई खोप लगाइ नेपाललाई पूर्ण खोप रहेको सुनिश्चित गर्नका लागि अभियान सञ्चालन गर्न लागेको जानकारी दिए। खोप लगाउन स्थानीय तह र विद्यालयसँग समन्वय गरिएको छ।

### प्रतिकूल मौसम ...

सहनुपर्ने बाध्यतामा छन्।

यस सम्बन्धमा पटेर्वासुगौली गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले वातावरण नै दूषित भएका कारण सो क्षेत्र बढी प्रभावित भएको बताए। स्वास्थ्यसम्बन्धी सेवा तथा औषधि वितरणमा कुनै पनि कमी नभएको प्रमुख यादवले बताए।

यता ठोरी गाउँपालिका वडा नं ५ स्थित सुवर्णपुर स्वास्थ्य चौकीका विमल घलेका अनुसार यहाँ पनि यी रोगका बिरामीहरू बढेको बताए।

# खेलकूदको संसार

## राष्ट्रपति रनिङ शिल्डको उपाधि वीरगंजलाई

प्रस, वीरगंज, १० वैशाख/

वीरगंज महानगरको नारायणी रङ्गशालामा भएको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि वीरगंज महानगरपालिकाले जितेको छ।

वैशाख ७ र ८ गते भएको प्रतियोगितामा वीरगंजले ३३ स्वर्ण पदक जितेर उपाधि हात पारेको हो। प्रतियोगितामा दश स्वर्णसहित ठोरी गापा दोस्रो र एक स्वर्णसहित बहुदरमाई नपा तेस्रो भएका छन्। प्रतियोगितामा पर्साका १४ वटा पालिकामध्ये चारवटा पालिका मात्र सहभागी थिए।



तस्वीरः प्रतीक



वीरगंज महानगरले एथलेटिक्समा १६ स्वर्ण, तेक्वान्दो र सितोरियो कराँतेमा छ/छ स्वर्ण, कबड्डीमा महिला/पुरुष दुवैमा दुई स्वर्ण र भलिबलमा महिलातर्फ एउटा स्वर्ण पदकसहित कुल ३३ वटा स्वर्ण पदक जितेको जिल्ला खेलकूद विकास समिति, पर्साका प्रशिक्षक विजय शाहले बताए।

प्रतियोगितामा सहभागी पालिकाका विभिन्न विद्यालयका कक्षा १२ सम्मका विद्यार्थीले भाग लिएका थिए।

## नकआउट फूटबल प्रतियोगितामा बेहरा क्लब विजयी

प्रस, पर्सागढी, १० वैशाख/

वीरगंज महानगरपालिका–३१ स्थित लक्ष्मीदेवी बाबूलाल हंसवाहिनी मावि कोन्हियामा हिजोदेखि जारी कोन्हिया फूटबल नकआउट प्रतियोगितामा आइतवार बेहरा फूटबल क्लब विजयी भएको छ।

निर्धारित समयमा चोर्नी फूटबल क्लब र बेहराबीचको खेल २–२ गोलको बराबरीमा सकिएको थियो।

टाइब्रेकरमा पनि दुवैतर्फ बराबरी भएपछि टसबाट निर्णय गरिएको थियो। जसमा बेहरा फूटबल क्लब विजयी भएको आयोजक कोन्हिया युथ क्लबका अध्यक्ष दीपेन्द्र पटेलले बताए।

## नेपाल राष्ट्र बैंकको वार्षिकोत्सवमा क्रिकेट प्रतियोगिता

प्रस, पोखरिया, १० वैशाख/



नेपाल राष्ट्र बैंकको ६८औं वार्षिकोत्सवको अवसरमा नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयले आयोजना गरेको अन्तरबैंक क्रिकेट प्रतियोगिता २०८० को उपाधि नबिल बैंकले जितेको छ।

आदर्शनगर खेल मैदानमा आइतवार भएको फाइनल खेलमा हिमालयन बैंकलाई २० रनले हराउँदै नबिल बैंक विजयी भएको हो। विजेता र उपविजेता टीमलाई नेपाल राष्ट्र बैंकका निर्देशक अजित रेग्मी र उपनिर्देशक रचना शर्मा पराजुलीले पुरस्कृत गरेका थिए।

नेपाल राष्ट्र बैंकलगायत अन्य २२ वटा बैंक तथा वित्तीय संस्थाहरूको सहभागिता रहेको उक्त प्रतियोगितामा उत्कृष्ट ब्याट्सम्यान हिमालयन बैंकका अरविन्द यादव, उत्कृष्ट बलर नबिल बैंकका रोशन मिश्र, उत्कृष्ट फिल्डर माछापुच्छ्रे बैंकका किरण नेपाल र उत्कृष्ट महिला खेलाडी नेपाल राष्ट्र बैंकका इशा भुजेल रहेका थिए।

नेपाल राष्ट्र बैंकका सहायक निर्देशक नरेश सर्राफ उक्त प्रतियोगिताका संयोजक थिए।

## ओमनले मलेशियालाई हरायो

काठमाडौं, १० वैशाख/रासस

एसिसी प्रिमियर कप एक दिवसीय क्रिकेट प्रतियोगितामा ओमनले मलेशियालाई आठ विकेटले पराजित गरेको छ।

मूलपानी क्रिकेट मैदानमा आइतवार भएको खेलमा मलेशियाले दिएको २२८ रनको विजयी लक्ष्य पछ्याएको ओमनले ४१ दशमलव चार ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो।

ओमनका लागि जीतेन्द्र सिहंले सर्वाधिक १०१ रनको योगदान दिए। उनले १११ बलमा १३ चौका र एक छक्काको मदतमा अविजित १०१ रनको योगदान गरेका हुन्। त्यस्तै, कश्यप प्रजापतिले ६६ रन जोडे भने जिसन मक्सुदले ५२ रन बनाए। बलिङतर्फ मलेशियाका मुहम्मद अमिरले दुई विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेशियाले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर २२७ रन बनाएको थियो। मलेशियाका लागि विरनदीप सिंहले सर्वाधिक ९४ रनको योगदान दिएका थिए भने मुहम्मद स्याहदातले ५५ रन बनाए। बलिङतर्फ ओमनका जिसन मक्सुदले चार विकेट लिए भने आयन खान र विलल खानले समान दुई/दुई विकेट लिए।

### युएईको सिङ्गापुरमाथि उत्कृष्ट जीत

एसिसी प्रिमियर कप एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा आइतवार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले सिङ्गापुरलाई पराजित गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज भएको समूह 'बी' अन्तर्गतको खेलमा युएईले सिङ्गापुरलाई २०१ रनको फराकिलो अन्तरले पराजित गर्दै विजयी भएको हो। यस जीतसँगै युएईले चार अङ्क जोडेको छ।

युएईले दिएको ४७२ रनको विजयी लक्ष्य पछ्याएको सिङ्गापुर निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर २७० रनमा समेटियो। सिङ्गापुरका लागि मनप्रीत सिंहले सर्वाधिक ६६ रनको योगदान दिए। त्यस्तै, थिलिप उमिदुराईले ५२ रन जोडे भने सुरेन्द्र चन्द्रमोहन र कप्तान अरित्र दत्तले समान ३८/३८ रन बनाए। युएईका लागि सचित शर्मा, कात्तिक मैयप्पन र आयन अफजल खानले समान दुई/दुई विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको युएईले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै ४७१ रनको योगफल बनाएको थियो। युएईका लागि युवा ब्याटर वृत्य अरविन्दले सर्वाधिक १७४ रनको योगदान दिए। १३३ बल खेलेका उनले १७ चौका र सात छक्काको मदतमा १७४ रन जोडेका हुन्।

त्यसैगरी, युएईका कप्तान मोहम्मद वासिमले १६० रन जोडे। उनले ८२ बलमा नौ चौका र १६ छक्काको मदतमा १६० रन बनाएका हुन्। आयन अफजल खानले ७४ रन बनाए। उनले ५० बलमा नौ चौका र तीन छक्कासहित ७४ रन बनाएका हुन्।

यस्तै, युवा ओपनर आर्यन लाक्रा सात बलमा दुई चौकासहित १२ रनमा आउट भए। आसिफ खान ११ तथा रोहन मुस्तफा तीन रनमा आउट भए।

बलिङतर्फ सिङ्गापुरका आदित्य भार्गवले चार विकेट लिए भने रमेश कलिमुथुले तीन विकेट हात पारे। त्यस्तै, विनोथ भाष्करणले दुई विकेट लिंदा मनप्रीत सिंहले एक विकेट लिए।

उक्त प्रतियोगिता अन्तर्गत मूलपानी क्रिकेट मैदानमा भोलि नेपालले साउदी अरेबियासँग खेल्नेछ।